# बालविकास केन्द्रप्रति अभिभावकको दृष्टिकोण

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा
व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्षको
कोड नं. Ed.PM. 598 को आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत
शोधपत्र


**शोधार्थी**

**काशिन्द्र प्रसाद यादव**

**क्याम्पस रोल नं. ५७/०६६**

**परीक्षा क्रमाङ्क. : १३००५३**

**त्रि.वि. दर्ता नं. : ८८६-८७/२०६६**

**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**

**श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस, सिरहा**


**२०७१**

त्रिभुवन विश्वविद्यालय
☎ ०३३-५२०३७८
०३३-५२००८२
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव
बहुमुखी क्याम्पस, सिरहा
पत्र संख्या :-
चलानी नं. :-
मिति

## विषयः- शोध निर्देशकको सिफारिस

वाल विकास केन्द्रप्रति अभिभावकको दृष्टिकोणको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र श्री काशिन्द्र प्रसाद यादवले मेरो निर्देशनमा तयार पार्नु भएको हो । स्थलगत सर्वेक्षण गरी मेहनतपूर्वक स्वतन्त्र रूपमा अध्ययन गरिएको यो शोधपत्रलाई त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन बिभागद्वारा मूल्याङ्कन गर्नका लागि सिफारिस गर्दछु ।

धर्मराज सिंह
(शोध निर्देशक)
श्री सु.स.मो.या.ब. क्याम्पस, सिराहा

मितिः.....................

त्रिभुवन विश्वविद्यालय
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव
बहुमुखी क्याम्पस, सिरहा
☎ ०३३-५२०३७८
०३३-५२००८२
पत्र संख्या :-
चलानी नं. :-
मिति

## विषयः-स्वीकृति पत्र

शैक्षिक योजना तथा व्यवस्थापन विषयमा एम. एड. तहको उपाधिका निमित्त निर्धारित आंशिक आवश्यकताको परिपूर्तिको निमित्त श्री काशिन्द्र प्रसाद यादवले प्रस्तुत गर्नु भएको **वाल विकास केन्द्र प्रति अभिभावको दृष्टिकोणको** अध्ययन शिर्षकको शोधपत्र मूल्याङ्कन गरी स्वीकृत गरिएको छ।

## मुल्यांकन समिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रा.श्री चन्देश्वर यादव | विभागीय प्रमुख | ...................... |
| २. | श्री धर्मराज सिंह | शोध निर्देशक | ...................... |
| ३. | प्रा.डा.श्री भूपेन्द्र हाडा | वाह्य परीक्षक | ...................... |

# कृतज्ञता ज्ञापन

यो शोधपत्र तयारीका लागि स्वकृति मेरो चाहना र इच्छा पूरा गर्न प्रोत्साहन दिनु भएका श्रद्धेय गुरूहरूप्रति म अन्तर आत्माले कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र पुरा गर्न शुरू देखि अन्तिम सम्म नियमित रूपले अध्ययन गर्ने क्रममा प्राप्त सैद्धान्तिक ज्ञानलाई आफ्ना अमूल्य समय खर्च गरेर व्यवहारिक रूप दिनुको साथै मेरो अध्ययनमा आवश्यक मार्ग निर्देशन, सुपरिवेक्षण सहयोग, एवं सर सल्लाह र मार्ग निर्देषण गुरू धर्मराज सिंहज्यूप्रति ह्दय देखि आभार व्यक्त गर्दछु ।

यो शोध कार्यका लागि स्वकृती प्रदान गर्नुको साथै उपयुक्त सर सल्लाह र सुझाव प्रदान गर्नु हुने विभागिय प्रमूख श्री चन्देश्वर यादव ज्यू प्रति ह्रदयतापूर्वक कृतज्ञताज्ञापन गर्दछु ।

त्यसै गरी, शोध पत्रका लागि तथ्याङ्क संकलन कार्यमा सहयोग गर्नु हुने श्री अगुवा स्रोत केन्द्र सिराहाका स्रोत व्यक्ति श्री जिवनेश्वर यादवप्रति गहिरो आभार प्रकट गर्दछु । यस शोधकार्यका लागी सहयोग गर्ने क्षनोट क्षेत्र भित्रका विद्यालयहरूप्रति कृतज्ञता व्यक्त गर्दछु । यस शोधपत्रलाई शुद्ध रूपमा टाइप गर्ने अनुपमा बुक्स एण्ड स्टेशनरी सप्लायर्स सिरहा का जितेन्द्रज्यूप्रति पनि आभार तथा धन्यवाद प्रकट गर्दछु ।

काशिन्द्र प्रसाद यादव

# शोध सार

*प्रस्तुत अध्ययन वालविकास केन्द्रप्रति अभिभावकको दृष्टिकोण शीर्षकमा गरिएको शोध वाल विकास केन्द्र प्रति अभिभावकको दृष्टिकोण पत्ता लगाउनु , अभिभावकको दृष्टिकोणले शिक्षण सिकाईमा पारेको प्रभावको विश्लेषण गर्नु , वालविकास केन्द्रमा देखिएका समस्याहरूको पत्ता लगाउनु साथै त्यसको समाधानका उपायहरू पत्ता लगाउनु यी चार उदेश्यहरूमा केन्द्रित रहेको थियो । प्रस्तुत अध्ययनलाई प्रष्टयाउन विभिन्न अनुसन्धानात्मक प्रश्न निर्माण गरी तिनै प्रश्नमा अध्ययन केन्द्रित रहेका छन ।*

*अध्ययन सिराहा जिल्लाको अगुवा स्रोत केन्द्र भित्र पर्ने ५२ वटा वालविकास केन्द्रहरू मध्ये सामुदायिक विद्यालयमा संचालित ४ वटा वालविकास केन्द्रमा केन्द्रित गरिएको छ । अध्ययनको सैद्धान्तिक खाका मेन्टेश्वरी शिक्षा पद्दतीमा केन्द्रित गरी अध्ययनलाई अगाडि बढाइएको छ भने सम्वन्धित साहित्यको पुनरावलोकनको रूपमा , प्रारम्भिक वालविकास संग सम्वन्धित पुस्तक , पत्र पत्रिका , अनुशन्धान, प्रतिवेदन, लेख रचना, तथ्याङ्क आदिको अध्ययन तथा विश्लेषण गरिएको छ ।*

*अध्ययनको नमूना छनोटमा सिराहा जिल्लाको जिल्ला शिक्षा अधिकारी , स्रोत व्यक्ति, प्र.अ. , अभिभावक , विद्यालय व्यवस्थापन समिति र विद्यालयलाई नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ । सोधकर्ता आफै प्रश्नावली निर्माण गरी प्राथमिक स्रोतका रूपमा स्रोत व्यक्ति, प्र.अ. , विद्यालय व्यवस्थापन समिति अध्यक्ष , सहयोगी कार्यकर्ता र वालवालिकालाई वितरण गरी उत्तर प्राप्त गरेका थिए । त्यसै गरी लेख, रचना, प्रकाशित र अप्रकाशित लेख, शिक्षा ऐन नियमावली, जर्नल, पाठ्यक्रम , सहयोगी निर्देशिका, विद्यालय अभिलेखहरू द्वितिय स्रोतका रूपमा प्रयोग गरेका थिए ।*

*यसरी प्राप्त तथ्याङ्कलाई सही र सत्य रूपमा व्याख्या र विश्लेषण गरिएको छ । यसरी व्याख्या र विश्लेषण गर्दा वालविकास केन्द्र प्रति अभिभावकको दृष्टिकोण साकारात्मक भएको पाइयो । वालविकास केन्द्रले वालवालिकामा राम्रो असर पारेको , कक्षा १ मा भर्ना हुने संख्यामा वृद्धि भएको , कक्षा छाड्ने दर कम भएको , वालवालिकाले नियमित कक्षा आउने गरेको साथै नियमित रूपमा अनुगमन र निरीक्षण नगरिएको , शैक्षिक सामग्रीको अभाव रहेको र भौतिक साधनको व्यवस्थामा कमी भएको पाइयो ।*

*वालविकास केन्द्रलाई अझ प्रभावकारी भरपर्दो र दीर्घकालिन वनाउन नितिगत तथा कार्यन्वयन पक्षमा केही थप सुधार गर्नु पर्ने आवश्यकता देखिन्छ । वालविकास केन्द्रको भौतिक अवस्था सुधार गर्नुपर्ने , खाजा नास्ताको प्रवन्ध मिलाउनु पर्ने , सहयोगी कार्यकर्ताको थप पुनः ताजगी तालिम दिनु पर्ने , सहयोगी कार्यकर्ताको पारिश्रमिक बढाउनु पर्ने , अनुगमन र निरिक्षण बढाउनु पर्ने साथै व्यवस्थापन पक्षलाई चुस्त , दुरूस्त वनाई वालविकास केन्द्रको संख्यामा वृद्धि गरी विद्यालयमा नै गाभ्नु पर्ने अध्ययनको निष्कर्ष रहेको छ ।*

## विषय सूची


| | | |
|---|---|---|
| | स्वकृति पत्र | ii |
| | सिफारिश पत्र | iii |
| | कृतज्ञता ज्ञापन | iv |
| | शोध सार | v-vi |
| | तालिका सूची | ix |

**परिच्छेद : एक**

**परिचय** १-७

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको औचित्य | ५ |
| १.४ | अध्ययनको उदेश्य | ६ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरू | ६ |
| १.६ | अध्ययनको परिसीमा | ६ |

**परिच्छेद : दुई**

**सम्वन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको अवधारणात्मक खाका** ८-१५

| | | |
|---|---|---|
| २.१ | सम्वन्धित साहित्यको पुनरावलोकन | ८ |
| २.२ | अध्ययनको अवधारनात्मक खाका | ११ |
| २.३ | अनुसन्धानका लागि पुनरावलोकनको उपादेयता | १४ |

**परिच्छेद : तीन**

**अधययन विधि र प्रकिया** १६-२०

| | | |
|---|---|---|
| ३.१ | अनुसन्धानात्मक ढाँचा | १६ |
| ३.२ | अध्ययनको जनसंख्या र छनोट | १७ |
| ३.३ | तथ्याङ्क संकलनका साधन र विधि | १७ |

३.४ तथ्याङ्क संकलनका श्रोतहरू १९

३.४.१ प्राथमिक श्रोत १९
३.४.२ द्वितीय श्रोत १९

३.५ तथ्याङ्क संकलन प्रक्रिया १९

३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया २०

## परिच्छेद : चार

## नतिजा विश्लेषण

२२-४७

४.१ वालविकास केन्द्रप्रतिको अभिभावकको दृष्टिकोण २१

४.१.१ शैक्षिक सामग्रीप्रति अभिभावकको दृष्टिकोण २२

४.१.२ शैक्षिक वातावरणको श्रृजनाप्रति अभिभावकको दृष्टिकोण २३

४.१.३ शिक्षण सिकाइ कृयाकलापप्रति अभिभावकहरूको दृष्टिकोण २३

४.१.४ भौतिक पूर्वाधारप्रति अभिभावकको दृष्टिकोण २४

४.१.५ शिक्षण विधिप्रति अभिभावकको दृष्टिकोण २४

४.१.६ सहयोगी कार्यकर्ताप्रतिको दृष्टिकोण २५

४.१.७ वालविकास केन्द्रको आवश्यकता सम्वन्धी अभिभावकको दृष्टिकोण २५

४.२ अभिभावकहरुको दृष्टिकोणले शिक्षण सिकाइमा पारेको प्रभावकको विश्लेषण २६

४.२.१ कक्षा १ मा भर्ना भएका वालवालिकाको विषयगत औसत उपलब्धि विश्लेषण २६

४.२.२ वालवालिकाहरूको औसत उपस्थिति २७

४.२.३ वालविकास केन्द्रवाट कक्षा १ मा भर्ना भएका र सिधै कक्षा १ मा भर्ना भएका वालवालिकाहरूको शैक्षिक उपलब्धि विवरण २८

४.२.४ वा. वि. के. ले कक्षा १० को भर्नामा पारेको प्रभाव २९

४.२.५ कक्षा १ मा वा.वि.के. वाट भर्ना भएका विद्यार्थीको अनुपात ३०

४.२.६ वा.वि.के. को संचालन पछाडिका ३ वर्ष र अगाडिका ३ वर्षको कक्षा १ को विद्याथी अवस्था ३३

४.२.७ कक्षा १ को कक्षा छाडने दर ३४

४.३ वाल विकास केन्द्रमा देखिएका समस्याहरू प्रति अभिभावको दृष्टिकोण ३७
४.३.१ भौतिक व्यवस्था सम्वन्धी समस्या ३८
४.३.२ शैक्षिक सामग्री सम्वन्धी समस्या ४०
४.३.३ व्यवस्थापकीय समस्या ४०
४.३.४ अनुगमन, निरीक्षण र मूल्याङ्कन सम्वन्धी समस्या ४१
४.३.५ स्थानीय स्रोत साधनको परिचालन र अन्य समस्याहरू ४२
४.४ बाल विकास केन्द्रमा देखिएका समस्या समाधानका उपायहरू ४३
४.४.१ शैक्षिक वातावरणको निर्माण गर्ने ४३
४.४.२ सहयोगी कार्यकर्ताको परिश्रमिक तथा सुविधामा वृद्धि ४४
४.४.३ तालिमको व्यवस्था ४४
४.४.४ अनुगमन तथा मूल्याङ्कन ४४
४.४.५ वाल विकास केन्द्रमा खाजा र नास्ताको प्रवन्ध ४५
४.४.६ शैक्षिक सामग्रीको उपलव्धता ४५
४.४.७ भौतिक स्रोत साधनको व्यवस्था ४५
४.४.८ वैकल्पिक सहयोगी कार्यकर्ताको व्यवस्था ४६

**परिच्छेद : पाँच**

**निष्कर्ष र सुझावहरू** ४८-५३

५.१ निष्कर्ष ४८
५.२ सुझावहरू ५०
५.२.१ नीतिगत तह ५०
५.२.२ कार्यान्वयन तह ५१
५.२.३ अनुसन्धान तह ५२
***सन्दर्भसामग्रीहरू***
***अनुसूचीहरू***

# तालिका सूची

४.१: बा.वि.केन्द्रको आवश्यकता सम्बन्धि विश्लेषण २५

४.२: बालबालिकाहरुको शैक्षिक उपलब्धि २८

४.३: बालविकास वाट भर्ना भएका विद्यार्थीको अनुपात ३२

# परिच्छेद-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानवको सभ्यताको विकास क्रममा आफुले जानेका, सिकेका ज्ञान, सीप अर्कालाई सिकाउने, सिक्ने, हस्तान्तरण प्रकिया चल्दै आइरहेका छन् । शुरू शुरूमा आमा बाबुले आफूले जानेका, सिकेका ज्ञान सिप , कौशल कुनै न कुनै रूपमा आफ्ना सन्तानलाई दिने चलन थियो । त्यसवेला शिक्षा आर्जन गर्ने प्रक्रिया र व्यवस्था संगठित नभए तापनि बाँच्नका लागि , जिवन निर्वाह गर्नका लागि आधारभुत ज्ञान सिपहरू लिने दिने प्रक्रिया थियो । यसरी घर परिवारवाट शुरू भएको शिक्षा सामुहिक रूपमा मठ , मन्दिर, महजिद , चर्च जस्ता धार्मिक संघ संस्थामा दिने चलन थियो । यी धार्मिक स्थलहरूमा कुनै पाठ्यक्रम नभए तापनि गुरूहरूले जे र जहिले सिकाउथै त्यसलाई शिष्यहरूले त्यही रूपमा ग्रहन गर्दथे ।

सामान्य भाषामा भन्नु पर्दा, पूवप्राथमिक वा बालबिकास केन्द्र भनेको प्राथमिक तहको उमेर (६-१० वर्ष) भन्दा सानो उमेरलाई चिनिन्छ । अर्थात ६ वर्ष भन्दा सानो उमेर वा यस्ता बालबालिकालाई समेटेर शिक्षा दिने उदेश्यले निर्धारण गरिएको केन्द्रलाई बालबिकास केन्द्र भनिन्छ । ( शर्मा, एवम शर्मा, २०६५ )

बालबिकास केन्द्रलाई बिभिन्न नामले चिनिन्छ, जस्तै शिशु , के.जी., पूर्वप्राथमिक , बालबिकास केन्द्र आदि ।

प्रारम्भिक बाल्यअबस्था विकास अन्तर्गत घर तथा समुदायमा बालबालिकाहरूको हेरचाह , सामाजिकीकरण र शिक्षालाई अगाडि बढाउने खालका सेवाहरू समावेश भएका हुन्छन् । जसले बालकको सर्वाङ्गिण बिकासमा सहयोग पुर्याउछन् । बालबालिकाहरूको दिने शिक्षा उनीहरूको बिकास क्रमका आधारमा हुनु पर्दछन् ।

बालबिकास शिक्षाको क्रममा केही शिक्षा विदहरूको विचारलाई यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ ।

सन् १७८२ मा जर्मनीमा जन्मिएका फ्रेडिरक फ्रोवेलको विचारमा प्रकृतिमा पाइने विभिन्नताहरू इश्वरीय रचना हुन् । विभिन्नताहरूको मुल श्रोत नै ईर्श्वर हुन् । त्यसले उनी भन्छन ( Unity in diversity and diversity in unity ) एकतामा अनेकता र अनेकतामा एकता आबद्ध हुन्छन् । पछि उनी विद्यालयमा शिक्षक भएपछि आफ्नो सिद्धान्तहरू प्रयोग गर्ने मौका पाए । फ्रेडिरक फ्रोवेलले १८२७ मा जर्मनीको वेल्केनवर्गमा सर्वप्रथम किन्डर गार्टन स्कूल  खोले । जसको अर्थ बालबालिकाको बगैंचा हुन्छन् । शिक्षकलाई माली र बालबालिकालाई बिरूवाको ?पमा तुलना गरेका छन् । उनका अनुसार बालबालिकामा अन्तर निहित मानविय गुणहरूको स्वच्छन्दतापूर्वक विकास गर्नु नै शिक्षाको मुख्य उदेश्य हो । उनको किन्डरगार्टन शिक्षा प्रणालीमा पूर्वनिश्चित पाठ्यक्रमको तर्जुमा नगरी बाल केन्द्रित अमुर्त पाठ्यक्रमलाई विशेष स्थान दिएको पाइन्छ भने यसमा खेल , गायन , कार्यकलाप , शिक्षाको प्रमूख बिधिहरू भएको पाइन्छन् ।

सन् १८७० मा इटलीमा जन्मिएका मारिया मन्टेश्वरीले विश्व विद्यालयका मानसिक चिकित्सालयमा दुर्वल मानसिक स्थिति भएका बालबालिकाहरूको उपचार गर्दा गर्दै “ मानसिक दुर्वलताका कारण ज्ञानेन्द्रियहरूको भद्दापण हो ” भन्ने पता लगाएकी थिइन । यस्ता दुर्वल मानसिक स्थितिका बालबालिकाहरूलाई नै सानै उमेर देखि ज्ञानेन्द्रियहरूको उचित तालिम दिएमा उनीह?को वौद्धिक पक्षमा साकारात्मक विकास गर्न सकिने अवधारणा अनुसार उनले सन् १९०७ मा बालगृह नामक प्रारामिभक मन्टेश्वरी शिक्षा प्रणालीका मुख्य उदेश्य स्वतन्त्र वातावरणमा बालबालिकाहरूको व्यक्तिवादी भावनाको विकास गर्नु हो । बालबालिकाहरूको ज्ञानेन्द्रियलाई तालिम दिई गरिने क्रियाकलाप नै यस पद्दतिको मुख्य शिक्षण विधि हो ।

नेपालको शैक्षिक इतिहासमा पूर्वप्राथमिक शिक्षा सम्वन्धी औपचारिक थाल्नी सरकारी स्तरमा २००७ सालमा काठमाण्डौमा मन्टेश्वरी स्कूल को स्थापना भएको मानिन्छ। यसलाई पूवप्राथमिक शिक्षा सम्वन्धी औपचारिक रूपमा सरकारी स्तरको थालनी भएको मानिन्छ। विक्रम सम्वत् २०२२ सालमा बाल मन्दिरको  स्थापना भई प्रत्येक जिल्लाको सदरमुकाममा शिशु शिक्षा सम्वन्धी कार्यक्रम भएको थियो। विक्रम सम्वत् २०२८ सालदेखि पूवप्राथमिक शिक्षा निजी क्षेत्रमा संचालन गर्ने सरकारी निति वनाएका थिए।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले तीन वर्ष ननाघेका बालबालिकाहरूलाई प्रत्येक टोल र गाउँमा एक एक वटा मनोरञ्जन खेल कुद व्यवस्था रहेका बालउधान स्थापना गर्नु , पूर्व प्राथमिक विद्यालयको व्यवस्था गर्नु पर्ने सुझाव पेश गरेका थिए। शिक्षा ऐन २०२८ अनुसार तिन वर्ष पुरा भएका तर पाँच वर्ष उमेर पुरा नगरेका बालबालिकाहरूलाई दिने शिक्षलाई पूवप्राथमिक शिक्षाको रूपमा परिभाषित गरेका छन्।

शिक्षा आयोग २०४९ ले एक वर्षको पूवप्राथमिक शिक्षा हुनु पर्ने कुरामा जोड दिएको थियो भने उच्च स्तरिय कार्य समिति २०५८ को प्रतिवेदनले शिशु विकास कार्यक्रम दुई वर्षको हुनु पर्ने त्यसको संचालन , रेख देख र व्यवस्थाको जिम्मा गा.वि.स. वा नगर पालिकाको हुनु पर्ने र त्यसको लागी सरकारले एकमुष्ट रूपमा रकम अनुदान दिनु पर्ने कुरा उल्लेख गरेको छ (शर्मा, २०६३)।

२०४९ सालमा शिक्षा नियमावली अनुसार शिशु कक्षा व्यवस्थित गर्न विभिन्न तालिम , गोष्ठी संचालन भएपनि २०५६ सालमा शिशु कक्षा सम्वन्धी पाठ्यक्रम तर्जुमा गरिएको थियो। धेरै जसो बाल शिक्षा कार्यक्रम निजी स्तरमा बिभिन्न नामले नर्सरी, के.जी., यू.के.जी. आदि संचालित छन्। नेपालमा केही वर्ष अगाडि देखि बाल शिक्षा विभिन्न नाममा जस्तै नर्सरी शिक्षा, पूर्वप्राथमिक शिक्षा, बाल शिक्षा, किन्डर गार्टन, बाल मन्दिर नामले सरकारी र निजी स्तर रूपमा संचालित भएका छन्  । नवौ योजनाले

पूवप्राथमिक शिक्षा, वाल विकास केन्द्रको स्थापना चर्चा गरे तापनि खासै उपलब्धि भएको देखिदैन ।

दशौ योजना (२०५९-२०६४) मा कक्षा १ मा भर्ना हुने विद्यार्थीमध्ये ४०५ वालविकास केन्द्र वा पूर्वप्राथमिक कक्षाका सहभागीवाट आउने व्यवस्था मिलाउन वालविकास केन्द्र १३,००० , सवै प्राथमिक विद्यालयका प्र.अ. तथा शिक्षकलाई अभिमुखीकरण तालिम दिने , २,६६,०००।- अभिभावकलाई अभिभावक शिक्षा प्रदान गर्ने साथै स्थानिय निकायहरूलाई बढी भन्दा बढी सक्रिय वनाई प्रत्येक समुदायिक विद्यालयमा स्थानिय श्रोतवाट एक वर्षे पूवप्राथमिक शिक्षा संचालन गर्ने लक्ष्य लिएको देखिन्छ । (शिक्षा मन्त्रालय २०५९-२०६४)

यसरी सवैको वालविकास केन्द्र वालवालिकाको लागि यति आवश्यक भएको छ । तर निजी श्रोतका रूपमा संचालित महगो र सुगा रटाईको जस्तो भएको र सरकारी स्तरवाट संचालित वालवालिका केन्द्रको व्यवस्था, भौतिक सुविधा, शैक्षिक सामग्री, समुदायिकको संलग्ता र अनुगमन तथा निरीक्षण प्रणालीलाई गहिरिएर नियाल्नु पर्ने र त्यसमा देखिएका सत्य तथ्यलाई विश्लेषण गरी जनमानसमा ल्याई त्यसको विकासमा सहियोग गर्नु पर्ने खाचो खडिकएको छ ।

## १.२ समस्याको कथन

शिक्षा आयोगको प्रतिवेदन र पञ्च वर्षीय योजनाको प्रयासले वालविकास केन्द्रको विकास आज यहाँसम्म आइपुगेका छन् । हाम्रो विद्यालयमा कक्षा १ मा भर्ना दर , उतीर्ण दर, कक्षा छाड्ने दर, अनुपस्थिति हुने, विद्यालयको वातावरणमा समायोजन हुने कठिनाइ आदि समस्याको रूपमा रहेका छन् ।

वालविकास केन्द्रमा शैक्षिक सामग्री , खेल मनोरञ्जन सामाग्री , पाठ्यपुस्तक , वुककोर्नर , सहयोगी कार्यकर्ताको क्षमता र तालिम , निरीक्षण र अनुगमन,

अभिभावकको संलग्नता र सहयोग कतिको रहेको छ ? आदि समस्याको रूपमा रहेको छ । त्यसै गरी वालविकास केन्द्र प्रति अभिभावकहरूको दृष्टीकोण कस्तो रहेको छ ? भन्ने समस्यको रूपमा रहेका छन् ।

एकातिर सरकारले दिन प्रति दिन वालविकास केन्द्रमा वृद्धि गर्दै आइरहेका छन् भने अर्कोतिर सहयोगी कार्यकर्ता , अभिभावकहरूको लापरवाहीले गर्दा वालविकास केन्द्रप्रति प्रश्न चिन्ह खडा भएका छन् । वालविकास केन्द्रको कक्षा नियमित संचालन र तथा अनुगमन र निरीक्षण प्रणाली आदि कस्तो रहेको छन ? आदि समस्याको रूपमा रहेकाछन् ।

## १.३ अध्ययनको औचित्य

वालवालिकाहरूको भविष्य सुनिश्चित गर्न तथा अगाडि बढ्न उनीह?को सर्वाङ्गीन पक्षको विकास हुनु पर्दछन् । वालवालिकाहरूको सर्वाङ्गीन विकासमा सहयोग पुऱ्याउने तत्वहरू अभिभावक, समाज, शिक्षक र विद्यालय हो ।

हाम्रो विद्यालय शिक्षा ५ वर्ष उमेर पुरा भएपछि मात्र विद्यालयमा भर्ना हुने गर्छन । वालवालिका सिधैं कक्षा १ मा भर्ना हुने र विद्यालयको गतिविधि नयाँ भएकोले समायोजन हुन निकै अप्ठयारो भई रहेकोले आज विभिन्न नामले वालविकास स्थापना गरी विद्यालय भर्ना हुनु अगाडि १ वर्षको अर्थात ४ वर्ष उमेर पूरा भई ५ वर्ष उमेर ननाघेका वालवालिकाह?लाई वालविकास केन्द्रमा शिक्षा दिइन्छन् ।

वालविकास केन्द्रले वालवालिकाहरूको विकासमा सहयोग पुऱ्याए नपुऱ्याए , शिक्षण सिकाइ, नियमितता , उतीर्ण दरमा अनुकूल प्रभाव पारे नपारेको , विद्यालयमा समायोजन हुन सहयोग पुऱ्याएको नपुऱ्याएको आदि अभिभावकहरूको वालविकास केन्द्र प्रतिको धारणा आदि पक्षलाई समेटी अध्ययन गर्नु यस अनुसन्धानको औचित्य रहेको छ ।

यसरी वालविकास केन्द्रलाई सरकारी , गैरसरकारी र समुदायिक क्षेत्रवाट लगानी गरेको अवस्थामा लक्ष्य अनुरूप उपलब्धि हासिक हुन नसकेको, वालवालिकाहरूको व्यवहार, विकास, सिकाइ, वातावरण समायोजन, उपल्लो कक्षामा देखिएको शैक्षिक उपलब्धि , वालविकास केन्द्रमा देखिएका समस्या र अभिभावको धारणा आदि पक्षलाई खोजी गर्नु नै यस अनुसन्धानको आसय रहेको छ ।

## १.४ अध्ययनको उदेश्य

यस अध्ययनका लागि निम्नलिखित उदेश्यहरू रहेका छन् ,

१. वालविकास केन्द्र प्रति अभिभावको दृष्टिकोण पत्ता लगाउनु ।

२.वालविकास केन्द्र मार्फत शिक्षा सिकाइमा पारेको प्रभाव विश्लेषण गर्नु ।

३. वालविकास केन्द्रमा देखिएका समस्याहरूको पहिचान गर्नु ।

४. वालविकास केन्द्रमा देखिएका समस्याहरूको समाधानका उपाय पत्ता लगाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

निम्न लिखित प्रश्नहरूमा केन्द्रित रही यो अध्ययन गरिएको छ ,

१. वालविकास केन्द्र प्रति अभिभावको दृष्टिकोण कस्तो रहेको छन ?

२. वालविकास केन्द्र प्रति अभिभावकहरू के सन्तुष्ट छन ?

३. वालविकास केन्द्रमा के कस्ता समस्याहरू रहेका छन ?

४. वालविकास केन्द्रको शिक्षण सिकाइ प्रतिक्रिया कस्तो छन ?

## १.६ अध्ययनको परिसीमा

नेपालको सिराहा जिल्लामा आर्थिक वर्ष ०७०/०७१ सम्ममा स्थापना भएका वालवालिकास केन्द्रहरू मध्ये अगुवा श्रोत केन्द्र सिराहामा ५२ वटा वालविकास

केन्द्रहरू रहेका छन । अनुसन्धानकर्ताले विशेष विद्यालयमा आधारित चारवटा वालविकास केन्द्र छनोट गरी अध्ययनलाई अगाडि वढाइएको छ ।

यस शोधकार्यमा शैक्षिक शत्र २०७० सम्मका विद्यालयमा आधारित वालविकास केन्द्रलाई मात्र समेटिएको छ । यस अध्ययनको निष्कर्षलाई सवै ठाउँ, परिवेश र समयमा सामान्यीकरण गर्न नमिल्ने भए तापनि अगुवा श्रोत केन्द्र नै अध्ययनको लागि उपयोगी देखियो ।

यस शोध शीर्षकको समस्या समग्र राष्ट्रकै भए तापनि शोधकर्ताको सीमित श्रोत साधन र समयको कारण सिराहा जिल्लाको अगुवा श्रोत केन्द्र सिराहाका विद्यालयमा आधारित वालविकास केन्द्रहरू मात्र सीमित गरिएको छ । यस कार्यमा सरोकार राख्ने सरोकारवालाहरू, वालविकास केन्द्रका वालवालिकाहरू, अभिभावक, प्र.अ., विद्यालय व्यवस्थापन समिति अध्यक्ष, श्रोत व्यक्ति आदि पक्षको सेरोफेरोमा अध्ययनलाई सीमित गरिएको छ ।

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको अवधारणात्मक खाका

अध्ययन अनुसन्धान क्रममा नयाँ नयाँ ज्ञान, तथ्य र साहित्यहरूको प्रतिपादन गर्नु पर्ने हुनाले छनोट गरिएका समस्यासंग मिल्दो पूर्वअध्ययन भए नभएको निक्यौल गर्नु पूर्वसम्वन्धित साहित्यको अध्ययन गर्न आवश्यक हुन्छ । यसले थप अनुसन्धान गर्न सहयोग पुऱ्याउँछ । यस अनुसन्धानको क्रममा वालविकास केन्द्रप्रति अभिभावकको धारणा, केन्द्रमा देखिएका समस्या र सामाधानका उपाय, यसले विद्यालय शिक्षामा पारेको प्रभाव आदि पक्षमा सत्य तथ्य पत्ता लगाई वैज्ञानिक ढङ्गले विश्लेषण गर्न सकियोस र वास्तविकत्ता छर्लङ्ग होस भनी शोध कर्ता द्वारा वालविकास सम्वन्धी अवधारणात्मक खाकाहरू, पूवसाहित्यहरू र प्रतिवेदनहरूलाई परियोगमा ल्याएका छन ।

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

अनुसन्धानको क्रममा विभिन्न परिक्रमलाई विश्वसनीय ढङ्गले परीक्षण गर्नु , तथ्याङ्कका श्रोतहरू खोज्नु पहिचान गर्नु, अनुसन्धानात्मक शोध, संरचना, भाषा शैली, पद्दति आदिको अध्ययन र टिप्पणी गर्नु समीक्षाको उदेश्य रहेको छ । सम्वन्धित साहित्यको पुनरावलोकन गर्ने सम्वन्धमा प्राप्त भएका साहित्य सन्दर्भको अध्ययन गरी निस्केका निष्कर्षलाई उल्लेख गरिएको छ । रा.शि.प.यो. (२०२८-२०३२) ले पूर्वप्राथमिक शिक्षा दिने उदेश्यले निजी संस्थाले समेत शिक्षण संस्था खोल्न पाउने र सरकारले  यस्ता किसिमका शिक्षण संस्थाको पाठ्यक्रम र तालिमको व्यवस्था गर्ने र विद्यालय खोल्न जिम्मेवारी हाल श्री ५ को सरकारको हुने छैन् भनी उल्लेख गरेका छन् ।

उपरोक्त साहित्यको पुनरावलोकनवाट वालविकास केन्द्रमा पाठ्यक्रम , निर्देशिका, पाठ्यपुस्तक, शैक्षिक सामाग्री, अभिभावको चासो कम रहेको र अनुगमन तथा निरीक्षण प्रणालीको अभाव रहेको उल्लेख गरिएको छन् ।

मल्ल, कोमल वदन एवं अन्य (२०५४) का अनुसार यसमा वालवालिकाहरुको विकास, वृद्धि, आवश्यकता तथा स्याहार सुस्हार र कस्तो किसिमको शिक्षा उपयुक्त हुन्छ ? भन्ने कुरा परिचित गराएका छन् । वालवालिकाहरू सामाजिक, वौद्धिक, शारीरिक, मानसिक, भाषिक र संवेगात्मक जस्ता पक्षहरूको विकासका लागी राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्था , अभिभावकले के कस्तो भूमिका खेल्नु पर्दछ भन्ने स्पष्ट पारेका छन ।

वालविकास केन्द्रमा कस्ता कस्ता पक्षहरूको संलग्नता हुन्छ र कुन कुन क्रियाकलापहरू गराउनु पर्दछ भने तथ्यको अध्ययन गर्दा वालविकास केन्द्रमा वालवालिकाहरू खेलेर सिक्ने , सुनाइ, वोलाइ, पढाइ, लेखाइ आदि पक्षको विकास गर्न वालविकास केन्द्र महत्वपूर्ण भएको अध्ययनले देखाएका छन ।

शिक्षा मन्त्रालय (२०५५) ले पूवप्राथमिक शिक्षालाई औपचारिक ढाँचामा समावेश गरी विद्यालय उमेर ५ वर्ष पुरा गर्नु भन्दा अगाडि १ वर्षको पूवप्राथमिक शिक्षालाई शैक्षिक संरचनामा समावेश गरी पूर्वप्राथमिक शिक्षाको उदेश्य, संरचना, भर्ना, अनुदान, सहयोग , शुल्क, पाठ्यक्रम तथा पाठ्य सामाग्री र अनुगमन आदि पक्षमा स्पष्ट गरेका छन ।

वास्तवमा विद्यालयम कक्षा १ मा भर्ना हुन ५ वर्षको उमेर तोकेको भन्दा पहिले १ वर्षको विद्यालयमा आधारित वालविकास केन्द्रको आवश्यकता रहेको छन् । कक्षा १ को भर्ना दरमा वृद्धि, कक्षा छाड्ने दर घटाउन, नियमित कक्षामा वृद्धि एवं शिक्षण सिकाइ उपलब्धिमा वृद्धि र विद्यालयमा समायोजन गर्न सजिलो भएकोले अभिभावक वालविकास केन्द्रप्रति खुशी भएका छन् । एकातिर वालवालिकाहरूको सर्वाङ्गीन विकासमा यसले सहयोग पुऱ्याएका छन् भने अर्कोतिर शिक्षाको महत्व नबुझेका, पिछडिएका जाति, वर्ग र कामले व्यस्त रहेका गरिव, असहाय जातिले वालवालिकालाई केन्द्रमा पठाउनु पर्छ भन्ने कुरालाई वुझ्न सकेका छैनन् भने यस अनुसन्धानले निष्कर्ष निकालेका छन ।

गौतम (२०६३) को शोधपत्र " प्रारम्भिक वाल शिक्षा कार्यक्रमले सिकाइमा पारेको प्रभाव " शिषकमा आधारित रही वालविकास केन्द्रको अवसर पाएका वालवालिका र अवसर नपाएको वालवालिकाहरू विचको अन्तरको तुलना गर्नु , सिकाइमा पारेको प्रभावको विश्लेषण गर्नु आदि उदेश्यमा आधारित भई अनुसन्धान गरेको पाइन्छ । अध्ययन गर्ने क्रममा शोधकर्ताले नवलपरासी जिल्लाको ५ वटा वालविकास केन्द्रमा अध्ययनरत गरेका १० जना वालवालिकाहरू तथा अवसर नपाएका १० जना वालवालिकाहरूलाई नमुना छनोट गरी विभिन्न प्रश्नावली, अन्तर्वाता र अवलोकन गरी तथ्याङ्क संकलन विश्लेषण गरेका थिएँ ।

अनुसन्धान गर्ने क्रममा वालविकास शिक्षा प्राप्त र अप्रयाप्त वालवालिकाहरूको कक्षा १ को भर्ना दर, सिकाई उपलब्धि , नियम उपस्थिति, सुनाई वोलाई , पढाई लेखाई प्रतिको ध्यान आकर्षण, सर सफाइ, अतिरिक्त क्रियाकलापमा सहभागिता , भाषा शैली र व्यवाहारिक पक्षको विश्लेषण गरेको पाइयो । वालविकास केन्द्रको अवसर पाएका वालवालिका नियमित कक्षामा उपस्थिति , शिक्षण सिकाई उपलब्धिमा वृद्धी , अतिरिक्त क्रियाकलापमा सहभागिता , भाषा शैली राम्रो भएको देखिएकोले सम्पुर्ण वालवालिकाह? कक्षा १ मा भर्ना हुनु भन्दा अगाडि वालविकास केन्द्रमा भर्ना भएमा सर्वाङ्गीन विकास हुने र विद्यालय वातावरणमा समायोजन हुन सजिलो हुने छन ।

कार्की (२०६४) ले सहयोगी कार्यकर्ताको परिश्रमिक कम भो भन्ने शीर्षकको लेखमा नेपालगञ्जको श्री ने.रा.प्रा.वि. घरवारी टोलमा संचालित वालविकास केन्द्रको वास्तिविक अवस्था, सहयोगी कार्यकर्ताको समस्या अभिभावकको सहयोग आदिको सेरोफेरोमा रही लेखलाई अगाडि वढाएको छ । त्यहाँ संचालित वालविकास केन्द्रमा वालवालिकाहरू गरिव , गुरूवा , छाक टार्न नसकिने र कामले व्यस्थ रहने घरका वालवालिकाहरू अध्ययनरत रहेका थिए । आफ्ना वालवालिकाहरू वालविकास केन्द्रमा पढेपछि धेरै पक्षमा साकारात्मक प्रभाव परेको तथा आफूहरू केन्द्र प्रति धेरै खुशी रहेको

कुरा उल्लेख गरेका छन् । आफ्नो आर्थिक अवस्था कमजोर भएकोले सहयोग गर्न नसकेको तथा सरकारी, गैर सरकारी वाट समेत सहयोग नभएको र सहयोगी कार्यकर्ताको परिश्रमिक ज्यादै कम रहेको अभिभावकह ? को भनाइ उल्लेख गरेका थिए ।

यो बालबिकास केन्द्रले गरिव, असहाय ,विहान वेलुका छाक टार्न नसक्ने परिवारको वालवालिकालाई शिक्षा दिन सफल भएकोले अभिभावकहरू वालविकास केन्द्रप्रति आकर्षित भएको देखिन्छन् । आर्थिक अभावको कारणले वालविकास केन्द्रमा शैक्षिक सामाग्रि, खेलकुद सामग्रीको अभाव रहेकोले जिल्ला शिक्षा कार्यालयले थप सहयोग गर्नु पर्ने र सवै पक्षले ध्यान दिनु पर्ने देखिन्छ ।

अनुसन्धानकर्ताले वालविकास केन्द्र उपलब्धिको उल्लेख गरे तापनि वालविकास केन्द्रवाट आएका वालवालिकाहरूको पछिल्ला कक्षामा देखेका शैक्षिक उपलब्धि, नियमितत्ता, उतीर्ण दर वारे विश्लेषण गरेको देखिएन ।

यसरी सम्वन्धित साहित्यको पूर्वअध्ययन अनुसन्धान भएर पनि माथि उल्लेखित कुराहरू प्राप्त गर्न नसकेको पक्षलाई अध्ययन अनुसन्धान गरी सत्य तथ्य पत्ता लगाउन मेरो शोध शीर्षक “ वालविकास केन्द्रप्रति अभिभावकको दृष्टिकोण ” सम्वन्धी शोधकार्य गर्न सार्थक रहेको देखिन्छ ।

## २.२ अध्ययनको अवधारणात्मक खाका

कुनै पनि अनुसन्धानका लागि अनुसन्धानमा भएका पूर्वसिद्धान्त तथा मान्यताहरूको ज्ञान, जानकारि हुनु नितान्त आवश्यक हुन्छन जसले गर्दा विषयवस्तुको विकास क्रम र हाल सम्म गर्दै आएका अध्ययन अनुसन्धानको जानकारी हुन्छन् । पूवसाहित्यको समिक्षाले हाल सम्म कुनै पनि अनुसन्धान नभएको कुराको अध्ययनको ज्ञान हासिल हुन्छन् । सम्वन्धित साहित्यको समीक्षाले दोहोरोपन हटाउन तथा नयाँ अनुसन्धान गर्न मद्दत गर्छ ।

शोध शिर्षक वालविकास केन्द्र प्रति अभिभावकको दृष्टिकोण Montessary Education System को सिद्धान्तमा आधारित छन् ।

मेन्टेश्वरी (१८७०-१९९२) का अनुसार शिक्षा भन्नु नै विकास हो । वालकको जन्मजात गुणहरुलाई पूर्णरूप दिनु नै शिक्षा हो । मन्टेश्वरीको विचार अनुसार स्वतन्त्रता वालवालिकाहरूको भौतिक आधार हो । स्वतन्त्रता भएमा वालवालिकाहरू आत्म निर्भर हुने कोशिस गर्दछन् । प्रत्येक व्यक्तिको आ-आफ्नै छुट्टा छुट्टै विचार हुन्छन् । जसको व्यक्तित्व एक अर्कासंग भिन्न हुन्छन् । उनीहरूको इच्छा अनुसार स्वतन्त्रापूर्वक विकास गर्ने अवसर दिइएमा उनीहरूले आफ्ना अन्तर निहित गुणहरू आफ्नै ढङ्गले प्रर्दशन गर्न सक्छन् ।

उनीहरूको नैसंङ्गिक गुणहरु स्वतन्त्रता पूर्वक विकास गर्न उपयुक्त वातावण तयार गर्नु पर्दछन् । यदि शिक्षकले वालवालिकाहरूको सिकाइलाई प्रभाव पार्ने गरी दवाव सिर्जना गरेमा उनीहरू सिक्न सक्दैन्न (मन्टेश्वरी १८७० -१९९२) शर्मा एवम शर्मा, २०६५ मा उदगृत) ।

वालवालिकाहरू आफैले चाहेको इच्छा अनुसार सिकाई पाएमा धेरै राम्रो गर्न सक्छन । शरीरको विभिन्न अङ्गहरूलाई विभिन्न क्रियाकलापमा संलग्न गराएमा मांशपेशीहरू वलियो हुन्छन् । ज्ञानेन्द्रियहरूले कार्य गर्ने क्षमता विकसित र वलियो भएपछि तर्कपुर्ण चिन्तन र युक्तिपुर्ण निर्णय दिन सक्ने हुन्छन ।

मेन्टेश्वरी (१८७०) ले प्रारम्भिक वाल शिक्षालाई वालागृहको रुपमा लिएकिछिन । वालगृहमा घरमा जस्तै वातावरण , काम गर्ने कोठा, स्नान कोठा, चर्पी, सुत्ने कोठा, फुलवारी, खेल मैदान, उमेर अनुसार फर्निचर आदिका व्यवस्था गरेका हुन्छन् । दिसा , पेशाव , नुहाई , धुलाई , सर सफाई , वगैंचा हेरचाह सवै वालवालिका आफै गर्छन । आफ्नो इच्छा अनुसार कुनै न कुनै क्रियाकलापमा संलग्न हुन्छन् । स्वतन्त्र वातावरणमा

वालवालिकाहरूको व्यक्तिवादी भावनाको विकास गर्नु मेन्टेश्वरी शिक्षाको उदेश्य हो । यसमा पाठ्यक्रम विषय केन्द्रित नभई वालवालिका केन्द्रित हुन्छन (मन्टेश्वरी १८७०, शर्मा एवम शर्मा, २०६५ मा उदगृत) ।

फ्रेडिरक फ्रोवेल (१८२७) वालवालिकाहरूको शिक्षा प्रारम्भिक अवस्थामा नै शुरू हुनु पर्दछ । जस्का कारण विद्यालय प्रवेश गर्ने वेलामा राम्रो विद्यार्थीको रूपमा प्रदर्शन गर्न सकोस । फ्रोवेलका अनुसार आत्म क्रियाकलाप, अभिव्यक्ति, आत्म अनुभुती जस्ता कुराहरू समाजमा रहेर सामाजिकीकरण प्रक्रियावाट सिक्ने कुरो हुन । घर, परिवार, समाज, राष्ट्र, विद्यालय, धार्मिक संघ सस्थाको सहयोगवाट मात्र वालवालिकाहरूको पूर्ण विकास हुनसक्छ । फ्रोवेलको “ किण्डर गार्टन पद्दति गरेर सिक्ने र सिकाउने सिद्धान्तमा आधारित छन् । विद्यालयम विभिन्न कार्यक्रम संचालन गर्न ७ वटा उपायको फ्रोवेलले व्यवस्था गरेका थिए । यी उपायहरू नै उनको शिक्षाका साधन हुन । यी साधनह?को प्रयोग हातले छोएर, हेरेर, मनले, बुझ्रेर, आकार, प्रकृति, सतह, संखया आदिको धारणा सिकाउन प्रयोग गरिन्छ । वालवालिकाहरूमा अवगुण हटाई जिवन उपयोगी र समाज उपयोगी कार्यकलापमा संलग्न रही नैसर्गिक व्यक्तित्वहरूको विकास गर्नु नै शिक्षाको मुल उदेश्य हो ।

फ्रोवेलको विद्यालयमा कुनै निश्चित पाठ्यक्रम र किताव नभई पाठ्यक्रममा वालवालिकाह? वाल क्रियाकलाप र खेललाई नै प्रमुख स्थान दिएको छ । (शर्मा, २०६५)

उपयुक्त अध्ययनको अवधारणा अनुसार स्वतन्त्र वातावरणले वालवालिकाहरूको आन्तरिक क्षमता वढाउने , सिकाईको निमित्त तालिमको आवश्यकता पर्ने , शिशु अवस्थावाट नै वालक शिक्षाको आवश्यकता पर्ने , पूवप्राथमिक शिक्षावाट वालवालिकाहरूको विद्यालय शिक्षा राम्रो हुने , वालवालिकाह?लाई औपचारिक शिक्षाको वदला वातावरणको समायोजनमा जोड दिनु पर्ने निष्कर्ष पाउन सकिन्छ ।

## २.३ अनुसन्धानका लागि पुनरावलोकनको उपादेयता

कुनै पनि नयाँ अनुसन्धान कार्य गर्न सम्वन्धित साहित्यको वा सिद्धान्तको अध्ययन गर्नु अत्यन्त जरूरी छ । अनुसन्धानवाट पत्ता लगाएका कुराहरूलाई सम्वन्धित क्षेत्रमा समान्यीकरण गर्न सकियोस ।

यो शोध शीर्षक वालविकास केन्द्रप्रति अभिभावको दृष्टीकोण माथि उल्लेखित सिद्धान्तमा आधारित रहेको छ । यस शोध शीर्षकमा वालविकास केन्द्रप्रति अभिभावकको दृष्टिकोणसंग सम्वन्धित साहित्य र सिद्धान्त तथा प्रतिवेदनको अध्ययन गरिएको छ । जसवाट वालविकास केन्द्र विकासको क्रम कसरी र कहाँवाट भएको हो ? यस सम्वन्धी विद्वानहरूको सिद्धान्त र विचार के छ ? यसमा हाल सम्म के कस्ता अनुसन्धान भएका छन ? हाल वालविकासको अवस्था के छ ? वालवालिकाहरू कसरी सहज तरिकाले सिक्न सक्छ ? वालविकास केन्द्रको प्रभाव कस्तो छ ? वालविकास केन्द्रप्रति अभिभावकको धारणा कस्तो छ ? आदि पक्षको जानकारी हासिल गरी आफ्नो शोधलाई अगाडि बढाउन सहज हुने विश्वास लिएको छ ।

वालविकास केन्द्रमा देखिएका समस्याहरू समाधान गर्न , कक्षा १ को शैक्षिक उपलव्धि, वालविकास केन्द्रको अझ व्यवस्थित गर्न, सहयोगी कार्यकर्तालाई बढी सक्रिय गर्न, भौतिक , शैक्षिक सामग्री, खेलकुद सामग्री व्यवस्था गर्न र कक्षा १ मा भर्ना हुनु भन्दा अगाडि यस केन्द्रमा भर्ना हुन सम्मेत यो अध्ययन सार्थक रहने अध्ययनवाट देखिएको छ ।

वालविकास केन्द्रको नियमित अनुगमन र निरीक्षण गर्न , सरोकारवालाहरूको सक्रिय वनाउन,  सहयोगी कार्यकर्ताको पुनः ताजगी तालिम दिन र जवाफदेहीका विकास गर्न यसले ठूलो सहयोग पुऱ्याउने छ ।

वालविकास केन्द्रप्रति सवैको आकर्षित गर्दै अगामी दिनमा एउटा स्वच्छ र सुन्दर शैक्षिक संस्थाको रूपमा निर्माण गर्न यो अध्ययन सफल हुने छ ।

वालविकास केन्द्र सामुदायिकमा र विद्यालयमा दुवैमा आधारित भएकोले दुवैमा यो उपादेयता रहेको छ । यस अध्ययनवाट वालविकास केन्द्र प्रति अभिभावकको दृष्टिकोण अध्ययन गर्न चाहने अध्ययनकर्ता, विद्यार्थी सहयोगी कार्यकर्ता, अभिभावक, श्रोत व्यक्ति, शिक्षाप्रेमी, वुद्धिजीवी, पाठ्यक्रम निर्माता, संघ संस्था, आदि समेतलाई यस अध्ययनले थप सहयोग पुऱ्याउने पक्षमा यस अध्ययन कार्यको उपादेयता रहने छ ।

# परिच्छेद तीन : अधययन विधि र प्रकिया

कुनै पनि कार्य सफल रूपमा गर्नको लागी उदेश्य प्राप्त हुने गरि विषय वस्तुको प्रकृती अनुसार र आवश्यक्ता अनुसार विभिन्न उपाय र तरिका अपनाएका हुन्छन् । त्यसैलाई विधि भनिन्छ । प्रस्तुत अध्ययन कार्य सिराहा जिल्लाको अगुवा श्रोत केन्द्र सिराहाको वालविकास केन्द्र प्रति अभिभावकको दृष्टिकोण पहिचान कार्यमा केन्द्रित छ । यस अध्ययनले वालविकास कन्द्र प्रति अभिभावको दृष्टिकोण पत्ता लगाउनका लागि सिराहा जिल्ला अगुवा श्रोत केन्द्र अन्तर्गत ५२ वटा वालविकास केन्द्रहरू मध्ये विद्यालयमा आधारित चार वटा वालविकास कन्द्रलाई आधार मानेर अध्ययन गरिएको छ । यस अध्ययनलाई सार्थक वनाउनको लागि निम्न अनुसार अध्ययन विधि अपनाइएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

उदेश्य हासिल गर्ने र समस्याको समाधान गर्ने उदेश्यवाट गरिने विभिन्न ज्ञानको खोजी नै यथार्थमा अनुसन्धान हो । अनुसन्धान कार्यका लागि ज्ञान प्राप्त गर्ने माध्यम, समस्या सामाधान गर्ने माध्यम , परिकल्पना निर्माण गर्ने , तथ्याङ्क संकलन गर्ने र विश्लेषण गरी नतिजा पत्ता लगाउने समस्याको सामाधान गर्ने कार्य आवश्यक हुन्छ र यसका लागि निश्चित प्रक्रिया र विधिहरू योजनावद्ध, क्रमिक रूपमा अपनाएका हुन्छन् ।

कोठारी (१९९०) का अनुसार "व्यक्तिहरु कुनै पनि विषयका वारेमा के सोच्दछन वा अनुभव गर्दछन् भनेर पत्ता लगाउनु नै परिमाणात्मक अनुसंधान हो" ( कोठारी १९९०:२५ खनाल, २०६४ मा उधृत)

यस अध्ययनवाट प्राप्त नतिजालाई परिणात्मक र शैक्षिक अवस्थाको केही तथ्याङ्कलाई केही गुणात्मक रुपमा समावेश गरिएकोले अध्ययनको ढाँचा परिमाणात्मक र गुणात्मक संग सम्वन्धित छ । यो अध्ययन गर्दा विद्यालयमा आधारित वालविकास केन्द्रप्रति अभिभावकको दृष्टिकोण संग सम्वन्धित विभिन्न पक्षहरूको खोजीनिती गरी तथ्याङ्क

संकलन गरी विषय वस्तुलाई व्याख्या र विश्लेषण द्वारा अध्ययनलाई अगाडि वढाइएको छ ।

### ३.२ अध्ययनको जनसंख्या र छनोट

विषयवस्तु सीमा भित्र रही प्रत्यक्ष र अप्रत्यक्ष रूपले कति जनसंख्या क्षेत्र समेटेको छ । त्यसलाई जनसंख्या भनिन्छ । अनुसन्धान गर्ने क्रममा अनुसन्धानकर्ताले विभिन्न समयहरूको विशेषताहरू अध्ययन गरी प्रतिनिधिमुलक तथ्याङ्क शास्त्रीय मापकहरूको गन्ना गर्नु पर्न हुन्छन । यसमा प्रत्येक समस्याको अध्ययन तथा मापन गर्न असम्भव र व्यवहारिक हुदैनन । त्यसैले केही खास समुह र समस्याहरूलाई नमुना छनोट गरिएको हुन्छ ।

सिराहा जिल्ला अगुवा श्रोत केन्द्रमा ५२ वटा वालविकास केन्द्र रहेका छन् । त्यस मध्ये जनसंख्याको रूपमा विद्यालयमा अधारित चारवटा वालविकास केन्द्र, वालविकास केन्द्रवाट आएका २/२ जनाका दरले जम्मा ८ जना वालवालिका, सिधै कक्षा १ मा आएका २/२ जनाको दरले ८ जना वालवालिकाहरूलाई सम्भावनायुक्त नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ । उक्त केन्द्रका ४ जना प्र.अ., ४ जना विद्यालय व्यवस्थापन समिति अध्यक्ष, ४ जना सहयोगी कार्यकर्ता , २/२ जनाको दरले ८ जना अभिभावकहरू र १ जना श्रोत व्यक्ति नमुना छनोट विधीको आधारमा छनोट गरिएको छ ।

### ३.३ तथ्याङ्क संकलनका साधन र विधि

यो अनुसन्धान कार्य गर्न सूचना तथा तथ्याङ्क संकलन गर्ने विभिन्न श्रोत साधन र विधिहरु को प्रयोग गरिएको छ । ती विधिहरू निम्म अनुसारको छ ।

**(क) प्रश्नावली**

तथ्याङ्क संकलन गरिने प्राथमिक श्रोतको रूपमा यो विधि पनि एक हो । अनुसन्धानको उदेश्यमा केन्द्रित रहेर प्रश्नावली निर्माण गरी शिक्षक , प्र.अ. , विद्यालय व्यवस्थापन समिति अध्यक्ष , श्रोत व्यक्ति , अभिभावकहरूलाई छुट्टा छुट्टै प्रश्नावली भर्न लगाई अनुसन्धानकर्ताले आफै स्वं सहभागी भई तथ्याङ्क संकलन गरिएको थियो । जसलाई अनुसूची १, २, ३, ४ र ५ मा राखिएका छन् ।

**(ख) अवलोकन**

अनुसन्धानकर्ताले घटना स्थानमा पुगी घटना, समस्या तथा विषयवस्तुको गहिराई सम्म पुगी त्यसको संकलन र विश्लेषण गर्ने विधि नै अवलोकन विधि हो । यस अध्ययनका अनुसन्धानकर्ताले स्वं आफै वालविकास केन्द्रप्रति अभिभावकको दृष्टिकोण , शैक्षिक अवस्था, भौतिक अवस्था , प्रशासनिक अवस्था र त्यसको समस्यालाई अवलोकन गरिएको  छ । नमूना छनोटमा परेका वालविकास केन्द्रहरूको प्रभावकारिता , अभिभावको दृष्टिकोण, श्रोत व्यक्तिको अनुगमण , प्र.अ. को भूमिका र सहयोगी कार्यकर्ताको नियमितता आदिको अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ ।

**(ग) अन्तरवार्ता**

यसमा अनुसन्धानकर्ताले जान्न चाहेको विषयवस्तु उत्तरदाता संग प्रत्यक्ष प्रश्न सोधी तथ्याङ्क संकलन गरिन्छ । यसमा प्रश्नकर्ता र उत्तरदाता मुखामुख भएर प्रश्न सोध्ने र उत्तर लेख्ने गरिन्छ । अनुसन्धानकर्ताले माथि छनोट गरिएका सरोकारवालाहरूसंग अन्तरवार्ता लिई तथ्याङ्क संकलन गरिएको छ ।

**(घ) अभिलेख अध्ययन**

तथ्याङ्क संकलन गरिने विभिन्न विधि मध्ये अभिलेख अध्ययन पनि एक हो । अगाडि दिनहरूमा गरेका कामको वारेमा जानकारी दिइन्छन । विद्यालयमा रहेका कक्षा १

को सिकाइ उपलब्धि, दैनिक उपस्थिति पुस्तिका , घटना वृत अभिलेख, भर्ना रजिष्टर , रिजल्ट सिट आदि अभिलेखको अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका श्रोतहरू

तथ्याङ्क जुन जुन ठाउँवाट संकलन गरिन्छ त्यसलाई श्रोत भनिन्छ । यस तथ्याङ्क संकलनका मुख्य निम्न दुई श्रोतहरू प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक श्रोत

अनुसन्धानकर्ता स्वं आफै घटान स्थलमा उपस्थिति भएर प्रश्नावली , अन्तरवार्ता, अवलोकन आदिलाई प्राथमिक श्रोतको रुपमा तथ्याङ्क संकलन गरिएको छ । साथै अभिभावकको दृष्टिकोण, शिक्षक विद्यार्थी उपस्थिति, विद्यार्थीको प्रगति विवरण , वालविकास केन्द्रका समस्या र सामाधानका उपाय सम्वन्धी तथ्याङ्क रहेका छन् ।

### ३.४.२ द्वितीय श्रोत

अनुसन्धानको विषयसंग सम्वन्धित विभिन्न प्रकाशित लेख, पत्रपत्रिका, डकुमेन्ट, रचना आदिको अध्ययनवाट तथ्याङ्क संकलन गरिने श्रोतलाई द्वितीय श्रोत भनिन्छ । यसमा द्वितीय श्रोतका रूपमा शिक्षा नियमावली , प्रतिवेदन, जर्नल, निर्देशिका , विद्यालय अभिलेख, श्रोत केन्द्रका तथ्याङ्क र जि।शि।का। वुलेटिन आदि रहेका छन् ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यो अध्ययन अनुसन्धान कार्यका लागि सिराहा जिल्लाको अगुवा श्रोत केन्द्रर सिराहाको ५२ वटा वालविकास केन्द्र मध्ये विद्यालयमा आधारित ४ वटा वालविकास केन्द्रलाई संभावनायुक्त नुमुना छनोटको आधारमा छनोट गरिएको छ ।

प्राथमिक तथ्याङ्क संकलन गर्न वालविकास केन्द्रको सहयोगी कार्यकर्ता , अभिभावक, श्रोत व्यक्ति, वालवालिका, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ. र स्थानिय

वुद्धिजिविसंग प्रश्नावली प्रयोग गरेर फारम भर्न लगाई अनुसन्धानकर्ता स्वं उपस्थिति भई तथ्याङ्क संकलन गरिएको छ । जसको नमुना अनुसूचीमा देखाइएको छ । सर्वेक्षण फारम प्रयोग गरी छनोटमा परेका वालविकास केन्द्र कक्षा १ मा भर्ना भएका र वालविकास केन्द्र अध्ययन पश्चात कक्षा १ मा भर्ना भएका वालवालिकाहरू अवलोकन फारमद्वारा तथ्याङ्कक संकलन गरिएको छ । वालविकास केन्द्रप्रतिको अभिभावकको धारणा र प्रतिक्रिया संकलन गरिएका थिए । विद्यालय व्यवस्थापन समिति अध्यक्षा र स्थानिय वुद्धिजिविसंग संकलित तथ्याङ्क अनुसूची ५ मा देखाएको छ ।

द्वितीय श्रोतका रूपमा शिक्षा ऐन नियमावली, शिक्षा सम्वन्धी प्रतिवेदन , जर्नल , लेख, रचना, विद्यालय उपस्थिति पुस्तिका र अभिलेख, श्रोत केन्द्रका तथ्याङ्क , जि.शि.का.का प्रकाशित वुलेटिन आदि प्रयोगमा ल्याएर वालविकास केन्द्रप्रति अभिभावकको दृष्टिकोण सम्वन्धमा तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया

विभिन्न श्रोतवाट संकलन गरिएका महत्वपूर्ण सूचना तथा तथ्याङ्कलाई वैज्ञानिक एवं विश्वसनीय विधिवाट प्रस्तुत गर्दै विश्लषण गरिएको छ । प्रश्नावली, अन्तरवार्ता , प्रत्यक्ष अवलोकन, अभिलेख  अध्ययनवाट प्राप्त भएका तथ्याङ्कलाई  तालिकिकरण गरी तथ्याङ्क शास्त्रीय विधि प्रतिशतमा राखी गुणात्मक र वर्णात्मक तरिकाले विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : नतिजा विश्लेषण

तीन वर्ष उमेर पूरा भई पाँच वर्ष ननाघेका वालवालिकाहरूलाई दिने शिक्षालाई पूर्वप्राथमिक शिक्षा भनिन्छ। हाल यसलाई विभिन्न नामले जस्तै शिशु कक्षा, नर्सरी, के.जी. , पूवप्राथमिक शिक्षा , वालविकास केन्द्र र वालशिक्षा आदि रूपमा संचालित छ। यस अवस्थामा वालवालिकाहरूको स्यहार सुसार, रेख देख, शिक्षाको आवश्यकता पर्दछ। मानव जिवनको महत्वपुर्ण अवस्था नै वाल्य अवस्था हो। यस अवस्थाको वालकको सर्वाङ्गिन विकासमा घर, परिवार, समुदाय , विद्यालय र राष्ट्रियले महत्वपूर्ण भूमिका खेलेको हुन्छ (शिक्षा विभाग, २०६१)।

यो अनुसन्धान गर्ने क्रममा विद्यालयमा आधारित वालविकास केन्द्रलाई मात्र अध्ययन क्षेत्र वनाई अध्ययन गरेका छन्। अगुवा श्रोत केन्द्र सिराहामा रहेका ५२ वटा वालविकास केन्द्र मध्ये विद्यालयमा आधारित ४ वटा वालविकास केन्द्रलाई संभावनायुक्त नमुन छनोट विधिद्वारा छनोट गरिएको छन। यी वालविकास केन्द्रहरूमा श्री नि.मा.वि. सुन्दरपुर , हनुमाननगर, श्री ला.ना.प्रा.वि. सिराहा , श्री बी.च.श्रे.मा.वि.वेल्हा र श्री नि.मा.वि.मखनाहा रहेका छन्।

## ४. १ वालविकास केन्द्रप्रतिको अभिभावकको दृष्टिकोण

प्रत्येक अभिभावकहरूले आ-आफ्ना वालवच्चाको राम्रो संग पढ्न लेख्न सकुन, जानुन, असल नागरिक वनुन, अनुशासित र लगनशील वनुन र समाजमा राम्रो वनुन भन्ने चाहना गरेको हुन्छन। आफ्ना वच्चाको शैक्षिक उपलव्धि राम्रो संग होस भन्ने चाहनाले कक्षा १ मा भर्ना हुनु भन्दा अगाडि वालविकास केन्द्रमा भर्ना गर्न चाहन्छन्। कक्षा १ मा भर्ना हुने उमेर भन्दा पहिले अर्थात ५ वर्ष उमेर पुग्नु भन्दा पहिले वालवालिका घरमा नै खेलेर, डुलेर समय विताउने गर्दछन र अभिभावकहरू कामको व्यस्तताले घरमा समय दिन नसक्ने तथा नराम्रो कूल तसंग लाग्ने डर भएका हुन्छन। जसले

गर्दा वच्चालाई वालविकास केन्द्रमा भर्ना गराउन चाहन्छन । वालविकास केन्द्रमा पढाउदा खेलेर, सुनेर र आफैले गरेर सिक्ने भएकोले वालविकास केन्द्र प्रति अभिभावकहरू आकर्षित भएका छन ।

वालविकास केन्द्रमा भर्ना भएर कक्षा १ मा भर्ना हुँदा नियमित कक्षा जाने, गृह कार्य गर्न सक्ने, अनुशासन र लगनशिल हुने, डर नमान्ने, विद्यालयमा टिकाउ हुने भएकोले अभिभावकहरूको वालविकास केन्द्रप्रतिको धारणा साकारात्मक भएको देखिन्छ । वालविकास केन्द्रको अध्ययनले गर्दा वालवालिकाहरू सफा सुग्धर हुने सक्ने , शौचालय प्रयोग जान्ने , साथीसंग मिलेर वस्ने, नियमित स्नान गर्ने आदि वानीको विकास गराउन वालविकास केन्द्र सार्थक भएको सामाजको वुद्धिजिविहरूको भनाइ रहेको छ ।

वालविकास केन्द्रमा भर्ना गरे पश्चात वालवालिकाहरुमा के परिवर्तन आयो ? शैक्षि उपलव्धि संतुष्ट छ कि छैन ? शैक्षिक समाग्रीको प्रयोग कस्तो छ ? शिक्षण सिकाई प्रक्रिया कस्तो छ ? वालविकास केन्द्रको व्यवस्थापन पक्ष कस्तो छ ? सिकाएका कुरा घरमा आएर गर्छ कि गर्दैनन ? वालविकास केन्द्र प्रति अभिभावक संतुष्ट छ कि छैनन ? आदि कुराहरूको विश्लेषण गर्दा निम्न अवस्था रहेको पाईयो ।

### ४.१. १ शैक्षिक सामग्रीप्रति अभिभावकको दृष्टिकोण

शैक्षिक सामग्री शिक्षण सिकाइकोलागि ज्यादै महत्वपुर्ण साधन हो । शैक्षिक सामग्री विना शिक्षण सिकाइ प्रभावकारी र अर्थपूर्ण हुन सक्दैन । स्थानीय व्यक्तिको भनाइ अनुसार र वालविकास केन्द्रको अवलोकन गर्दा स्थानिय स्तरमा उपलव्ध हुने चकटी, पराल, विभिन्न प्रकारका गुडिया, पुतली, जनावरका चित्रहरू, स्वरवर्ण चार्ट, व्यञ्जन चार्ट, ए.वि.सि.डि. कार्डवोर्डहरू, गीत, कथा तथा कविताहरू शैक्षिक सामाग्रीको रुपमा प्रयोग गरेको पाइयो । महगो शैक्षिक सामग्री जस्तै टेलीभिजन, कम्प्युटर, रेडियो, टेपरेकर्ड नभएको र त्यसको अभावले शैक्षिक उपलव्धिमा केही कमी आएको कुरा स्थानिय वुद्धिजिविहरूको भनाइ रहेका छन्

भने आर्थिक अभावका कारण खरिद गर्न नसकेको सहयोगी कार्यकर्ता तथा विद्यालय व्यवस्थापन समिति अध्यक्षको भनाइ रहेको छ ।

### ४.१.२ शैक्षिक वातावरणको श्रृजनाप्रति अभिभावको दृष्टिकोण

शैक्षिक वातावरणको सृर्जना भन्नाले शान्त र उपयुक्त कक्षा कोठा, उपयुक्त वस्ने ठाउँ, फुलवारी, खानेपानी ,शौचालय , चमेनागृह , खेल मैदान , घेरावार आदिलाई वुझाउँछन । कक्षा १ को भन्दा वालविकास केन्द्रमा शैक्षिक वातवरण राम्रो भएको अभिभावकहरूले वताउँछन । वालविकास केन्द्रमा वालवालिकाहरू मनोरञ्जन , नाच्न र खेल्न पाउने, गीत गाउन पाउने, लेख्न र पढ्न पाउने , वालविकास केन्द्रमा जान चाहने र केन्द्रमा सिकेका गीत र नृत्य घरमा गर्ने , अनुशासित भएर घरमा वस्ने तथा नियमित घरमा पढ्ने गरेको कुरा एकजना अभिभावकको भनाइ रहेको छ । समुदायमा आधारित वालविकास केन्द्र भन्दा विद्यालयमा आधारित वालविकास केन्द्रले शैक्षिक वातावरणको राम्रो सृजना गर्न सकेको वताउँछन । कक्षा कोठाको भित्ताहरूमा विभिन्न किसिमको फोटो , चित्र, ए.वि.सि.डि लेखिएको कुरा वताउँछन ।

### ४.१.३ शिक्षण सिकाई कृयाकलाप प्रति अभिभावकहरूको दृष्टिकोण

वालविकास केन्द्रमा वालवालिकाहरूलाई सिकाउन र वुझाउनका लागि गर्न र गर्न लगाउने क्रियाकलापलाई नै शिक्षण सिकाइ क्रियाकलाप भनिन्छ । सहयोगी कार्यकर्ताको योग्यता तालिमको अभाव तथा श्रोत साधनको अभावले गर्दा त्यति धेरै क्रियाकलाप गराउन नसकेको कुरा वताउँछन् । कक्षा १ को भन्दा वालविकास केन्द्रको शिक्षण सिकाई क्रियाकलाप राम्रो रहेको एक अभिभावकले वताउँछन ।

### ४.१.४ भौतिक पूर्वाधारप्रति अभिभावकको दृष्टिकोण

राम्रो शिक्षण सिकाईको लागि भौतिक पूर्वाधारको पनि राम्रो भूमिका रहेका हुन्छन् । भौतिक पूर्वाधार अन्तर्गत भवन , कक्षाकोठा , फर्निचर, खेल मैदान , शौचालय , खाने पानी , खेल सामग्री , चमेना गृह , फुलवारी , घेरावार आदि पर्दछन् । अवलोकन गर्ने क्रममा कतिपय विद्यालयमा माथि उल्लेखित भौतिक पूर्वाधारको अभाव देखियो भन्ने कतिपय विद्यालयमा वालवालिकाहरू आ-आफ्नो घरवाट वोरा , चकटी , गुन्द्री आदि ल्याउने र लैजाने गरेको तथा पानी परेको वेला , धेरै चिसो बढेको वेला तथा गर्मी बढी भएको वेला पठन पाठनमा अवरोध उत्पन्न हुने गरेको विद्यालय व्यवस्थापन समिति अध्यक्षको भनाइ छ भने समुदाय , अभिभावक , जि.शि.का. समेतले लगानी गर्न नसकेको कुरा श्रोत व्यक्ति वताउछन । यी सवैको उचित व्यवस्थापन गर्न सकेको खण्डमा यसले अभिभावकहरूमा संतुष्टी दिन सक्ने कुरामा दुई मत छैन भनी अभिभावक वताउछन ।

### ४.१.५ शिक्षण विधिप्रति अभिभावकको दृष्टीकोण

शिक्षण सिकाईको लागी विभिन्न किसिमका तौर तरिका, प्रक्रिया , ज्ञानसिप प्रयोग गरिएका हुन्छन् । त्यसैलाई शिक्षण विधि भनिन्छ । वालवालिकाहरूको स्तर र उमेरलाई ख्याल गरी सहयोगी कार्यकर्तावाट उपयुक्त शिक्षण विधि प्रयोग गरी शिक्षण गर्नु पर्दछन । वालविकास केन्द्रमा कुन कुन शिक्षण विधिको प्रयोग भई रहेको छन् भने प्रश्न गर्दा सहयोगी कार्यकर्ताले खेलकुद विधि, समुह विधि, प्रश्नोतर विधि तथा अभिनय विधि प्रयोग गरिरहेको कुरा प्र.अ. वताउछन ।

वास्तवमा वालविकास केन्द्रमा अध्ययनरक्त वालवालिकाहरूको उमेरलाई ख्याल गर्दा खेल विधि, भूमिका निर्वाह विधि, नाटकिय विधि र गरेर सिक्ने विधिको प्रयोग गर्नुपर्ने भने एकजना अभिभावकको भनाइ छ । यस्ता विधिहरू प्रयोग गर्नका लागि सहयोगी कार्यकर्ताको योग्यता र तालिमको आवश्यकता रहेको देखिन्छन ।

### ४.१.६ सहयोगी कार्यकर्ता प्रतिको दृष्टिकोण

वालविकास केन्द्रमा वालवालिकाहरूलाई अध्यापन गराउने शिक्षक, कर्मचारीलाई सहयोगी कार्यकर्ता भनिन्छ । वालविकास केन्द्रमा अध्ययन गर्दा सहयोगि कार्यकर्ता मध्ये कुनैको योग्यता १० कक्षा पास, कुनैको एस.एल.सी. पास गरेको अर्थात शैक्षिक योग्यता अलग अलग रहेको तथा कुनै सहयोगी कार्यकर्ता ७ दिने , ६ दिने र १२ दिने तालिम प्राप्त गरेको आदि तालिममा पनि एकरूपता नरहेको पाईयो । सहयोगी कार्यकर्ताको तलव ज्यादै न्यून प्रति दिन रू १००।- का दरले जम्मा मासिक रु ३,०००।- मात्र भएकोले सहयोगी कार्यकर्ता निराश रहेको कुरा एक जना अध्यक्ष वताउँछन् । वालविकास केन्द्रमा १ जान मात्र सहयोगी कार्यकर्ता रहेको र विरामी भई केन्द्रमा नआएको वेला केन्द्र वन्द रहने भएकोले थप १ जना सहयोगी कार्यकर्ता नियूक्ति हुनु पर्ने १ जना स्थानिय व्यक्ति वताउछन ।

### ४.१.७ वालविकास केन्द्रको आवश्यकता सम्वन्धी अभिभावको दृष्टिकोण

अहिलेको अवस्थामा वालविकास केन्द्रको महत्व ज्यादै सावित भएका छन् । वालविकास केन्द्रको अध्ययन पश्चात वालवालिका सिक्ने, नियमित विद्यालय जाने, गृह कार्य गर्ने तथा शिक्षक विद्याथीसंग घुलमिल हुने र व्यवहारिक हुने भएकोले यसको आवश्यकता धेरै भएको अधिकांश अभिभावकहरू वताउछन । जसलाई तलको तालिका १ वाट स्पष्ट पार्न सकिन्छन ।

**तालिका ४.१ : आवश्यकता सम्वन्धी विश्लेषण**

| वा.वि.के को आवश्यकता | अभिभावकको संख्या | प्रतिशत % |
|---|---|---|
| छ | ९ | ७५ % |
| छैन | ३ | २५ % |
| कूल जम्मा | १२ | १०० % |

(स्थलगत सर्वेक्षण, २०७१)

वालवालिकाको शिक्षा प्रारम्भिक अवस्थामा शुरू हुन्छन, जसले गर्दा विद्यालय प्रवेश गर्ने वेलामा राम्रो प्रदर्शन गर्दछन । वालविकास केन्द्र आफ्नै घर हुने , त्यहाँ खेलकुद गर्न पाउने, गीत गाउन पाउने र जीवनका व्यवहारिक कुराहरूको समेत ज्ञान हासिल गर्न पाउने तथा नियमित कक्षा जान अभिभावकको कुनै अप्ठ्यारो नपर्ने भएकोले अभिभावकहरू वालविकास केन्द्रप्रति आकर्षित भएको देखिन्छन ।

वालविकासको उपलव्धि प्रति अत्यधिक अभिभावकहरू संतुष्टी र खुशी रहेको , वालविकास केन्द्रको आवश्यकताको महशुस गरेको, वालविकास केन्द्रमा अध्ययनरत्त वालवालिका घुलमिल हुने , विद्यालय जाने वानी वसेको तथा टिकाउ दर राम्रो भएको ले अभिभावकहरू साकारात्मक भएको पाइयो । वालविकास केन्द्रको आयश्रोत नभएको तथा स्थानीय अभिभावक र निकायको समेत लगानी न्यून भएकोले आवश्यक मात्रामा खेल सामाग्री, खेल कुद सामाग्री अभाव रहेको एकजना सहयोगी कार्यकर्ता वताउछन । यसरी गरिव , असहाय र पिछडिएका ग्रामिण क्षेत्रमा यसको महत्व दिन प्रति दिन बढदै गइरहेको अभिभावकहरू वताउछन ।

## ४.२ अभिभावकहरुको दृष्टिकोणले शिक्षण सिकाइमा पारेको प्रभावको विश्लेषण

एक वर्षको निश्चित समय भित्र वालवालिका पाएको ज्ञान सिपलाई शैक्षिक उपलव्धि मान्न सकिन्छ । यस उपलव्धि अन्तर्गत विषयगत औसत , वालवालिकाको कक्षा छाडने दर , कक्षामा उपस्थिति दर, विश्लेषणको निम्न अवस्था रहेको पाइयो ।

### ४.२.१ कक्षा १ मा भर्ना भएका वालवालिकाको विषयगत औसत उपलव्धि विश्लेषण

सिधै कक्षा १ मा भर्ना भएका र वालविकास केन्द्र अध्ययन पश्चात भर्ना भएका वालवालिककाको शैक्षिक शत्र २०७० सालको विषयगत औसत हेर्दा वा.वि.क. का वालवालिकाको औसत उपलव्धि वढी रहेको पाईयो, जुन अनुसूची ६ मा राखिएका छन । अनिवार्य विषयहरूको प्राप्ताङ्क हेर्दा वालविकास केन्द्र अध्ययन गरेका

वालवालिकाहरूको औसत राम्रो भएको , अक्षर लेखाइ राम्रो भएको, भाषा शैली स्पष्ट रहेको र अझ भन्नु पर्दा, लेखाइ, सुनाइ, वोलाइ, गीत गाउने, नाच्ने, चित्र वनाउने , कथा र कविता भन्ने साथै अतिरिक्त क्रियाकलापमा भाग लिने आदि उच्च रहेको पाईयो । साथै घरमा अरूसंग व्यवहार गर्ने भाषा शैली र व्यवहार राम्रो भएको पाइयो । यसरी वा.वि.के. का अध्ययन गरेका वालवालिकाहरू सिधै कक्षा १ मा भर्ना भएका भन्दा धेरै राम्रो भएको कुरा १ जना शिक्षक वताउछन । यसरी वा.वि.के. को वच्चाहरूम विषयगत औसत उपलव्धि राम्रो रहेको पाईयो ।

### ४.२.२ वालवालिकाहरूको औसत उपस्थिति

वास्तवमा जुन वालवालिकाहरू नियमित कक्षामा आउछन त्यसको सिकाइ राम्रो भएको पाइयो । सिधै कक्षा १ मा भर्ना वालवालिकाहरू भन्दा वा.वि.के. वाट आएका वालवालिकाहरूको उपस्थितिको तुलना गर्दा वा.वि.के. वाट आएका वालवालिकाहरूको औसत उपस्थिति वढी रहेको पाईयो । उपस्थितिकै विश्लेषण गर्दा वैशाखमा ५४ प्रतिशत , जेष्ठमा ९६%, असारमा ८९ % , भदौमा ७५% , असोजमा ८०%, कार्तिकमा ७२% र मंसिर ९१% , पौषमा ७१%, माघमा ९५%, फाल्गुनमा ९४% देखिन्छ । यो माथीका उपस्थिति वा.वि.के.वाट आएका वालवालिकाको हो भन्ने सिधै कक्षा १ मा आएका वालवालिकाहरूको उपस्थिति वैशाखमा ३०% , जेष्ठमा ७५%, असारमा ६०% , भदौमा ५०% , असोजमा ६०%, कार्तिकमा ४०% र मंसिर ६०% , पौषमा ५०%, माघमा ७५%, फाल्गुनमा ७५% देखिन्छ ।

यसरी तुलना गर्दा प्रत्येक महिनाको मासिक उपस्थिति वा.वि.के.वाट आएका वालवालिकाहरूको सिधै कक्षा १ मा आएका भन्दा वढी देखिन्छ । तसर्थ तथ्याङ्कका आधारमा के भन्न सकिन्छ भने सिधै कक्षा १ मा वालवालिकाहरू साथिसंग घुलमिल हुन नसक्नु , शिक्षकसंग डराउनु , नियमित विद्यालय जाने वानीको

विकास हुन नसक्नु, विद्यालय वातावरणमा समायोजन हुन नसक्नु तर वा.वि.के. वाट आएका वालवालिकाहरू नियमित कक्षा जाने वानीको विकास, साथीसंग राम्रोसंग घुलमिल हुनु, नियमित गृह कार्य गर्नु , विभिन्न अतिरिक्त क्रियाकलापमा भाग लिनु आदि वा.वि.के. को प्रभाव वालवालिकाहरूमा राम्रो परेको कुरा बुझ्न सकिन्छ ।

### ४.२.३ बा.वि.के. वाट कक्षा १ मा भर्ना भएका र सिधै कक्षा १ मा भर्ना भएका बालबालिकाहरुको शैक्षिक उपलविध विवरण

वा.वि.के मा अध्ययन गरी कक्षा १ मा अध्ययन गर्न आएका वालवालिकाहरू शैक्षिक स्तर राम्रो भएको तर सिधै कक्षा १ मा भर्ना भएका वालवालिकाहरूको शैक्षिक स्तर न्यून भएको देखिन्छ, जसलाई निम्न अनुसार देखाएका छन :

तालिका ४.२ : वालवालिकाहरुको शैक्षिक उपलब्धि

| विवरण | वा.वि.के.वाट कक्षा १ मा भर्ना भएका विद्याथीको शैक्षिक स्तर | सिधै कक्षा १ मा भर्ना भएका विद्याथीको शैक्षिक स्तर |
|---|---|---|
| उपस्थिति | ७५. % | ५०.३ % |
| सर सफाई | ८५.१ % | ४२.४ % |
| पढाईमा ध्यान | ८६.५ % | ३५.४ % |
| कक्षा कार्य | ८७.६ % | ३८.३ % |
| गृह कार्य | ८१.२ % | ३५.५ % |
| अनुशासन | ६३. % | ३२.२ % |
| अतिरिक्त क्रियाकलाप | ८८. % | ३६. % |
| शौचालय प्रयोग | ९४.४% | २६.५ % |
| विद्यालयमा समायोजन | ९२.५% | २८.२ % |
| शिक्षकसंग सम्वन्ध | ९०.% | ३३. % |

| विवरण | वा.वि.के.वाट कक्षा १ मा भर्ना भएका विद्यार्थीको शैक्षिक स्तर | सिधै कक्षा १ मा भर्ना भएका विद्यार्थीको शैक्षिक स्तर |
|---|---|---|
| साथीसंग सम्वन्ध | ८५.२ % | ४५.४ % |
| कक्षा छाडने दर | ३३.४ % | ९०.३% |

(स्रोत : विद्यालय रेकड साल, २०७०)

यसरी माथीको तालिका ४.२ को तथ्याङ्कलाई अध्ययन गर्दा के वुझिन्छ भने वा.वि.के.वाट आएका वालवालिका सिधै कक्षा १ मा आएका वालवालिकाहरूको विचमा ठूलो अन्तर छन र केन्द्रवाट आएका वालवालिकाहरूको शैक्षिक स्तर, हरेक क्रियाकलाप सिधैं कक्षा १ मा भर्ना भएका विद्याथी भन्दा उच्च देखिन्छन ।

वा.वि.के केन्द्रमा खेलकुद माध्यमवाट, परियोगको माध्यम, शैक्षिक सामाग्रीको माध्यम , तथा खेल र नृत्यको माध्यम गरेर सिक्ने वानीको विकास भइसकेको हुन्छ । जसले गर्दा उनीहरूको हरेक क्रियाकलाप सन्तोष जनक देखिन्छ भने सिधै कक्षा १ मा आएका वालवालिकाहरूले त्यस्तो अवसर पाएका हुँदैनन र उक्त समय अवधी समय घरमा वसेर विताएका हुन्छन जसले गर्दा दुवैमा फरक परेका देखिन्छन् । यसै कारणले कक्षा छाडने दर  सिधै कक्षा १ मा भर्ना भएका वालवालिकामा वढी देखिन्छन ।

### ४.२.४ वा. वि. के. ले कक्षा १ को भर्नामा पारेको प्रभाव

हाल हाम्रो देशमा कक्षा छाड्ने दर प्राथमिक तहमा वढी देखिन्छन् । प्राथमिक तहको कक्षा १ मा कक्षा छाड्ने दर उच्च देखिन्छ । वा.वि.के. वाट कक्षा १ मा भर्ना भएका वालवालिका कक्षा १ को पूर्वाधार ज्ञान हासिक गरेका हुन्छन । उनीहरूको नियमित कक्षामा उपस्थिति तथा टिकाउ दर उच्च देखिन्छन  भन्ने सिधै कक्षा १ मा भर्ना भएका वालवालिका नियमित विद्यालय नआउने , विद्यालयको वातावरणमा समायोजन हुन कठिनाई हुने, भाषा शैली अप्ठ्यारो हुने,

गृह कार्य गरेर नआउने, शिक्षक र साथीसंग गुलमिल नहुने आदि कारणले विद्यालय छाड्ने गर्छन । यसरी दुवैको तुलना गर्दा वा.वि.के. का प्रभाव कक्षा १ को भर्नामा परेको देखिन्छ ।

### ४.२.५ कक्षा १ मा वा.वि.को. वाट भर्ना भएका विद्यार्थीको अनुपात

कक्षा १ मा भर्ना भएका सम्पूर्ण विद्याथी संख्या मध्ये वा.वि.के.वाट कति जना विद्याथी भर्ना भएका छन भने यहा देखाउन खोजिएको छन वा वा.वि.के. को अध्ययन पश्चात विद्यार्थी कहाँ जान्छन ? त्यो कुरा जान्न यहा खोजिएका छन । शैक्षिक सत्र २०७० को नमुना छनोटमा परेको ४ वटा विद्यालयको कक्षा १ को विद्यार्थी संख्यालाई अनुसूची ८ का अनुसार प्रस्तुत गरिएको छ । जसले शिक्षण सिकाईमा पारेको प्रभाव स्पष्ट पार्दछन ।

### (क) श्री नि.मा.वि. सुन्दरपुर, हनुमाननगर

शैक्षिक सत्र २०७०-२०७१ को कक्षा १ मा जम्मा विद्याथी संख्या ६० जना रहेकोमा जस मध्ये छात्र संख्या २५ जना र छात्राको संख्या ३५ रहेको पाईयो । ६० जना मध्ये ३८ जना वा.वि.के. वाट आएका मध्ये २५ जना छात्रा र १३ जना छात्र रहेको पाइयो । जुन कूल  प्रतिशतको ६३.३ प्रतिशत हुन आउछन । कक्षा १ मा सोझै भर्ना हुने विद्याथी जम्मा २२ जना मध्ये छात्रा १० जना र छात्र १२ जना रहेको पाइयो, जुन कूल  प्रतिशतको ३६.७ प्रतिशत मात्र रहेको देखिन्छन् ।

यसरी माथीका तथ्याङ्कहरू हेर्दा वा.वि.के. वाट वढी वालवालिकाहरू कक्षा १ मा भर्ना भएको पाईयो । यसरी वा.वि.के. ले भर्नामा प्रभाव पारेको हो भने भन्न सकिन्छन ।

**(ख) श्री नि.मा.वि.मखनाहा**

यस विद्यालयको कक्षा १ को भर्ना भएका कूल विद्याथी संख्या ७५ जना मध्ये ४५ जना छात्रा र ३० जना छात्र रहेको पाइयो । कक्षा १ मा भर्ना भएका कूल विद्याथी मध्ये ५५ जना वा.वि.के. वाट आएको पाइयो । वा.वि.के.वाट आएका ५५ जना मध्ये ३५ जना छात्रा २० जना छात्र पाइयो । कूल संख्याको ७३.३ प्रतिशत वालवालिका वा.वि.के. वाट भर्ना भएको पाइन्छ ।

कक्षा १ मा कूल भर्ना मध्ये २० जना सिधै कक्षा १ मा भर्नामा १० जना छात्रा र १० जना छात्र रहेको पाइयो , जुन कूल भर्नाको २७.७ प्रतिशत रहेको पाइन्छन ।

यसरी हेर्दा कूल भर्ना मध्ये वा.वि.के.वाट आएका बढी संख्या देखिन्छन , जसले गर्दा अभिभावकहरू वा.वि.के. प्रति खुशी र आकर्षित भएको देखिन्छ ।

**(ग) श्री.ल.ना.प्रा.वि. सिराहा**

यस विद्यालयमा शैक्षिक सत्र २०७०-२०७१ को कक्षा १ को भर्न रजिष्टर तथ्याङ्क हेर्दा कक्षा १ मा भर्ना भएका ५० जना मध्ये ४० जना वा.वि.के.वाट र १० जना सिधै भर्ना भएको पाईयो । यसरी वा.वि.के.वाट भर्ना भएका ८० प्रतिशत र सिधै भर्ना भएका २० प्रतिशत पाइयो । यसरी वा.वि.के. प्रभावले गर्दा भर्नामा असर पारेको कुरा प्रष्ट हुन्छ ।

**(घ) श्री .वी.च. श्रे. मा.वि. वेल्हा**

यस विद्यालयको शैक्षिक सत्र २०७०-२०७१ को कक्षा १ को भर्ना रेकर्ड अध्ययन गर्दा कक्षा १ मा कूल भर्न संख्या ८० जना मध्ये वा.वि.के. वाट ६० जना र सिधै भर्ना भएका २० जना रहेको पाईयो । वा.वि.के. वाट भर्नाको कूल ७५ प्रतिशत भर्ना भएका र २५ प्रतिशत वालवालिकाहरू सिधै कक्षा १ मा भर्ना भएको पाइयो । यसरी तुलना गर्दा यस विद्यालयमा वा.वि.के. को भर्नामा राम्रो प्रभाव परेको पाईयो । जसले गर्दा अभिभावकहरू कक्षा १ मा भर्ना हुनु भन्दा अगाडि वा.वि.को

मा भर्ना गर्छन । यसरी माथिका तथ्याङ्कलाई निम्न तालिकाको आधारमा देखाएको छ ।

**तालिका ४.३ : शीर्षक कक्षा १ मा वा वा.वि.के.वाट भर्ना भएका विद्यार्थीको अनुपात**

| | | कक्षा १ को जम्मा भर्ना संख्या | | | बा.वि.के.वाट भर्ना संख्या | | | सिधै कक्षा १ मा भर्ना सख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | विद्यालयको नाम | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री.नि.मा. वि.सुन्दरपुर | ३५ | २५ | ६० | १३ | २५ | ३८ | १० | १२ | २२ |
| २ | श्री नि.मा.वि. मखनाहा | ४५ | ३० | ७५ | ३५ | २० | ५५ | १० | १० | २० |
| ३ | श्री.ला.ना.प्रा.िव.सिराहा | ३५ | १५ | ५० | ३० | १० | ४० | ५ | ५ | १० |
| ४ | श्री.बी.च.श्रे. मा.वि.वेल्हा | ४५ | ३५ | ८० | ३५ | २५ | ६० | १० | १० | २० |

(स्रोतः- अगुवा स्रोत केन्द्र सिराहा,२०७०)

यसरी तालिका ४.३ मा प्रस्तुत भएको तालिकालाई हेर्दा कक्षा १ मा भर्नामा वा.वि.के. को प्रभाव परेको छ कि छैन भनी प्रश्न गर्दा एकजना प्र.अ. वा.वि.को को प्रभावले गर्दा कक्षा १ मा वृद्धि दर वढी भएको, त्यसको भर्नामा राम्रो प्रभाव पढेको वताईयो । स्रोत व्यक्तिको अनुसार वा.वि.के.वाट आएका वालवालिकाको शैक्षिक स्तर राम्रो रहेको तर सिधै कक्षा १ मा भर्ना भएका वालवालिकाको शैक्षिक स्तर संतोषजनक नरहेका कुरा वताए । अझ पनि वालवालिकाहरूलाई वा.वि.के. मा भर्ना गराउनु पर्ने देखिन्छ साथै

वा.वि.को कै प्रभावले गर्दा शिक्षण सिकाईमा प्रभाव पार्नु साथै भर्ना दरमा वृद्धि भएको पाईयो । यसरी  शिक्षण सिकाई उपलव्धि उच्च राख्न वा.वि.के. मा सवै वालवालिकाहरूको भर्ना गराउनु अनिवार्य हुनेछन् । त्सयकारण कक्षा १ को विद्यार्थी बढाउन र सिकाई उपलव्धि उच्च राख्न वा.वि.के. ले साकारात्मक भूमिका खेलेको  छ ।

### ४.२.६ वा.वि.को. को संचालन पछाडिका ३ वर्ष र अगाडिका ३ वर्षको कक्षा १ को विद्याथी अवस्था

यहा अध्ययन अनुसन्धानको क्रममा छनोटमा परेका ४ वटा विद्यालयमा वा.वि.के. संचालन भएको बर्ष भन्दा अगाडि ३ वर्षको र वा.वि.के. संचालन भएपछि पछाडि ३ वर्षको विद्यार्थीहरको भर्ना अवस्था कस्तो थियो र टिकाउ दर कस्तो थियो भन्ने अनुसन्धानकर्ताले अध्ययन गर्न खोजेको  छ ।

वा.वि.के. संचालन पछाडि ३ वर्षहरू २०६७, २०६८  र  २०६९ नि.मा.वि. सुन्दरपुरमा विद्याथी संख्या ४५ , ४८ र ५२ थियो भन्ने वा.वि. के. संचालन भएको ३ वर्ष अगाडि २०६३, २०६४ र २०६५ मा विद्याथी संख्या २० ,२५ र ३० जना थियो । त्यसैगरी नि.मा.वि. मखनाहा ३ वर्ष पछाडिका वर्षहरुमा २०६७, २०६८ र २०६९ मा ४० ,५० र ६५ जना तथा ३ वर्ष अगाडिको वर्षहरूमा २०६३, २०६४ र २०६५ मा २०, २८ र ३० जना रहेका थिए । त्यसैगरी ला.ना. प्रा.वि. सिराहामा ३ वर्ष पछाडिका वर्षहरूमा २०६७, २०६८ र २०६९ मा ३०, ३५ र ४० तथा ३ वर्ष अगाडिका २०६३, २०६४ र २०६५ मा २०, २७ र ३२ जना थिए । त्यसैगरी श्री बी.च. श्रे. मा.वि.वेल्हामा पछाडि ३ वर्ष २०६७, २०६८ र २०६९ मा ४०, ५० र ५८ र पछाडि ३ वर्ष पछाडिमा २०६३, २०६४ र २०६५ मा २०, ३० र ३५ जना रहेको थियो ।

यसरी तुलनात्मक रूपमा अध्ययन गर्दा अगाडि ३ वर्ष भन्दा पछाडि ३ वर्षमा विद्यार्थी संख्या वृद्धि भएको देखिन्छ । यसरी वा.वि.के. संचलान नभएको ३ वर्ष अगाडि वर्षहरुमा वालवालिकाहरु विद्यालयमा भर्ना गर्नुपर्छ । शिक्षा वालवालिकाको मौलिक आधार हो भन्ने कुरा अभिभावकले ध्यान नदिएको देखिन्छ । वा.वि.के. संचालन भएपछि त्यसको प्रभाव राम्रो देखिएकोले विद्यार्थी संख्या कक्षा १ मा भर्नामा वृद्धि भएको  देखिन्छ । यसको अर्थ वा.वि.के. अध्ययनको कारणले वालवालिकाहरू विद्यालयमा जाने वानीको विकास भएको, विद्यालय प्रति अभिभावकको साकारात्मक धारणाको विकास भएको देखिन्छ ।

### ४.२.७ कक्षा १ को कक्षा छाडने दर

प्राथमिक तहमा कक्षा छाडने दर तिव्र रहेको पाइन्छ । कक्षा १ मा भर्ना भएका कूल  विद्यार्थी संख्या मध्ये कति जना कक्षा छाडेर गरएका छन । कक्षा छाडने मध्ये वा.वि.के.वाट भर्ना भएका मध्ये कति जना कक्षा छाडे र सिधै कक्षा १ मा भर्ना भएका मध्ये कति जना कक्षा छाडे भन्ने कक्षा छाडने अवस्था के कस्तो रहेको छन भने अध्ययन गर्न खोजेको छन । ४ वटै विद्यालयको २०६९ सालको कक्षा छाडने विद्यार्थी तथ्याङ्क अनुसूची ९ को आधारम व्याख्या गरिएको छ ।

अनुसूची ९ को तथ्याङ्क अध्ययन गर्दा कक्षा छाडने विद्यार्थी दरमा कक्षा १ मा सिधै भर्ना भएका विद्यार्थी वढी रहेको पाईयो । वा.वि.के.वाट भर्ना भएका विद्यार्थीको कक्षा छाडने दर न्यून भएको देखिन्छन । यसरी कक्षा छाडने दर घटाउने वा.वि.के. को प्रभाव राम्रो रहेको कुरा प्र.अ. वताउछन् । जसलाई अनुसूची ९ मा प्रस्तुत गरिएको छ ।

**(क) श्री.नि.मा.वि. सुन्दरपुर, हनुमाननगर**

शैक्षिक सत्र २०६९-२०७० को विद्यार्थी तथ्याङ्क अध्ययन गर्दा कक्षा १ मा भर्ना भएका ५२ जना विद्यार्थीहरु मध्ये ५ जना कक्षा छाडेका छन , जसमध्ये २ जना वा.वि.के. वाट आएका कूल प्रतिशतको ४० प्रतिशत छन । सिधै भर्ना भएका मध्ये कक्षा छाडने मध्ये ३ जना कूल प्रतिशतको ६० प्रतिशत छन । यसरी वा.वि.के. ले गर्दा विद्याथीको पढाई प्रति ध्यान र लगनशिल वढेको देखिन्छन् ।

**(ख)श्री.नि.मा.वि. मखनाहा**

नि.मा.वि. मखनाहाको विद्यालय रेकर्ड अध्ययन गर्दा शैक्षिक सत्र २०६९-२०७० को कक्षा १ मा भर्ना भएका ७५ जना मध्ये १० जना विद्यालय छाडेका छन । कक्षा छाडने १० जना मध्ये ३ जना वा.वि.के.वाट आएर भर्ना भएका थिए । जनु कक्षा छाडने दरको ३० प्रतिशत हुन जान्छ । सिधै कक्षा १ मा भर्ना भएका मध्ये ७ जना कक्षा छाडेका छन । जुन कूल कक्षा छाडेको दरको ७० प्रतिशत रहेको छ ।

यसरी वा.वि.के.वाट भर्ना भएका विद्याथी कम कक्षा छाडेको पाइयो ।

**(ग) श्री.ला.ना.प्रा.वि.सिराहा**

श्री.ला.ना.प्रा.वि. सिराहाको शैक्षिक सत्र २०६९/०७० को भर्ना अध्ययन गर्दा कक्षा १ मा ५० जना मध्ये १५ जना कक्षा छाडेका थियो । १५ जना मध्ये ७ जना वा.वि.के. वाट भर्ना भएर आएका थिए , जुन कक्षा छाडने दरको ४६.३ प्रतिशत रहेको छ । सिधै कक्षा १ मा भर्ना भएका मध्ये कक्षा छाडने ८ जना कूल प्रतिशतको ५३.३% हुन आउछ ।

यसरी कक्षा छाडने दरमा वा.वि.के. वाट भर्ना भएका कम र सिधै भर्ना भएका विद्याथी प्रतिशत वढी देखिन्छन ।

**(घ) श्री बी. च. श्रे. मा.वि. वेल्हा**

यस विद्यालयको विद्यार्थीको तथ्याङ्क अध्ययन गर्दा शैक्षिक सत्र २०६९-२०७० मा भर्ना भएका ५८ जना मध्ये १० जना विद्यार्थीहरु कक्षा छाडेका देखिन्छन् । ति १० जना मध्ये वा.वि.के. वाट आएका २ जना कूल  प्रतिशतको २० प्रतिशत हुन । त्यसैगरी सिधै कक्षा १ मा भर्ना भएका मध्ये ८ जना कक्षा छाडेका थिए । जुन कूल प्रतिशतको ८० प्रतिशत हुन जान्छन ।

यसरी ४ वटा विद्यालयको तथ्याङ्क अध्ययन गर्दा वा.वि.के.वाट आएका कक्षा १ मा भर्ना भएका विद्याथी मध्ये कम संख्या वा प्रतिशतमा कक्षा छाडने गरेका छन् । वालवालिका सादा कागज हुन । उनीहरुमा जे लेख्न प्रयास गर्छन । त्यही लेखिन्छन र त्यो लेखिएको अक्षर धेरै कुरामा प्रभाव पार्दछन । वा.वि.के.मा वालवालिकाहरु लाई कक्षा १ को भर्नाको पूर्वाधार तैयार पार्ने गरिन्छ । ति वच्चाहरु नियमित कक्षा आउने, गृह कार्य गर्न सक्ने, तथा साथी र शिक्षक संग घुलमिल हुन सक्ने, तर सिधै कक्षा १ मा भर्ना भएका अधिकांश वच्चाहरुलाई केही थाहा हुदैन जसले गर्दा कक्षा छाडने गर्छन ।

कक्षा १ मा भर्न गराउनु भन्दा पहिले वा.वि.के. मा भर्ना गराउदा नियमित कक्षा आउने, गृह कार्य गर्ने, कक्षा नछाडने, अभ्यास गर्ने, साथीसंग घुलमिल हुने भएकोले वा.वि.के. अनिवार्य भएको एकजना अभिभावक वताउछन । यसरी कक्षा १ मा भर्ना भएका वा.वि.के. वाट आएका र सिधै कक्षा १ मा भर्ना भएका वालवालिका हेर्दा सिधै आएका वालवालिका नियमित कक्षा नआउने, सफा सुग्घर नभएको , गृह कार्य नगर्ने, कसैसंग नवोल्ने , अनुशासित नभएको , सिकाई प्रति कुनै चासो नभएको देखिन्छ तर वा.वि.के. वाट आएका वालवालिकाहरुलाई हेर्दा सफा सुग्घर भएर आउने , नियमित कक्षा आउने, गृह कार्य गर्ने , अनुशासन पालना गरेको कुरा एक जना प्र.अ. वताउछन ।

यसरी वा.वि.के. साकारात्मक प्रभाव वालवालिकामा पारेकोले अभिभावकहरू वा.वि.के.को प्रति साकारात्मक धारणा राखेका छन ।

## ४.३ वालविकास केन्द्रमा देखिएका समस्याहरू प्रति अभिभावको दृष्टिकोण

वा.वि.के. मा आउने साना वालवालिकाह?को लागि उमेर र स्तर अनुसार सुहाउदो आवश्यक भौतिक तथा शैक्षिक सामाग्रीको आवश्यकता प्रर्दछ । उनीहरूलाई खेलविधि र प्रयोगात्मक तरिकाले वालवालिकाहरूको उपयुक्त वानी व्यहोराको विकास गराउनु पर्दछ, भनी वा.वि.के निर्देशिाका उल्लेख गरिएको भत तापनि सो पक्षलाई सैद्धान्तिक रुपमा मात्र लिएर कक्षा संचालन गरेको पाइन्छ । तर व्यवहारमा पुर्णरूपमा उतार्न नसकेको देखिन्छ । वा.वि.के.का वालवालिकाहरुमा सामाजिक, शारीरिक, वौद्धिक र संवेगात्मक पक्षहरूको विकास गरी राष्ट्र निमित भविष्यका निम्ति योग्य कर्णाधार बन्ने वालवालिकाहरुको हक हित एवं अधिकारको संरक्षण र सम्वर्धन गर्ने तथा वातावरण संग समायोजन गर्दै वाँच्नका लागि सामाजिक रुपमा घुलमिल हुने, आधारभूत ज्ञान सिपको विकास गर्ने निति र उदेश्य अनुरूपका पाठ्यक्रमहरू तैयार भए तापनि  निति अनुरूप कार्यन्वयन पक्ष अप्ठ्यारो भएको छन । यसरी सहज नहुँदा नहुँदै पनि विविध समस्याहरू सँग सघर्ष गर्दै वा.वि.के.वाट वालवालिकाहरू लाभ लिइरहेको देखिएको छ । यस सिराहा जिल्लाको अगुवा श्रोत केन्द्रमा स्थलगत अध्ययन गर्ने क्रममा वा.वि.के. को भौतिक, शैक्षिक, प्रशासनिक , व्यक्तिगत पक्षको अवस्था वुझ्न
सरोकारवालाहरूसंग प्रत्यक्ष भेटघाट , प्रत्यक्ष अवलोकन , अन्तरवार्ता , प्रश्नावलीवाट प्राप्त समस्याहरूलाई निम्नलिखित रूपमा उल्लेख गरिएको छ ।

## ४.३.१ भौतिक व्यवस्था सम्वन्धी समस्या

### (क) कक्षाकोठा

वा.वि.के. मा अध्ययनका लागि आउने साना साना वालवालिकाहरुलाई उनीहरुको शारीरिक, उमेर, स्तर अनुसारको कक्षाकोठाको व्यवस्था भएको हुनु पर्दछ। तर अध्ययनमा परेका सवै वा.वि.के. हरुमा वा.वि.के. को लागि निर्माण गरिएको भवन छुट्टै आफ्नो नभएर विद्यालयको कुनै एक कोठालाई प्रयोगमा ल्याएको देखिन्छ। जुन कक्षा कोठा साना वालवालिकाहरुको लागी उपयुक्त हुदैनन। त्यसै गरी वा.वि.के. निर्देशिकाले २०-२५ जना सम्म मात्र एक कोठामा राख्नु पर्ने उल्लेख गरे तापनि सो नभई धेरै जनालाई राखिएको देखिन्छन। भएका कक्षा कोठाहरुमा पनि प्रकाशको व्यवस्था नभएको , रङ्गरोङ्गन नभएको , प्लाष्टर नगरेको , झ्याल ढोका टुटे फुटेका र ज्यादै गर्मी भएको अवस्था देखिन्छन्।

### (ख) फर्निचर

वा.वि.के.मा आउने साना साना वालवालिकाहरुको लागी उनीहरुको उमेर र शारीरिक अवस्था अनुसार वस्ने फर्निचर , पिरा, कार्पेट, गुन्दरी र चकटि व्यवस्था हुनु पर्दछ। साना साना वालवालिकाहरूको लागी डेक्स, वेन्च भन्दा भूइमा सजिलो तरिकाले वस्न मिल्ने गरी पिरा, कार्पेट र गुन्दरीको आवश्यकता पर्दछ। अध्ययनमा परेका ४ वटा वा.वि.के. मध्ये २ वटामा मात्र वस्नको लागि गुन्द्री र कार्पेटको व्यवस्था  गरेको देखिन्छ भने २ वटा वा.वि.के. मा ठुला विद्याथीको लागि निर्माण गरिएका डेक्स ,वेन्च र फर्निचरवाट नै प्रयोग गरेको देखिन्छ। भएका गुन्द्री , कार्पेट पनि विद्याथी संख्याको तुलनामा कम भएको देखिन्छन। कक्षा कोठामा शैक्षिक समाग्री राख्नको लागि दराज टेवुलको अभाव देखिनुको साथै वुक कर्नर समेत नभएको र फर्निचरको पनि मर्मत गराउनु पर्ने देखिन्छन।

**(ग) खेल मैदान**

वा.वि.के. को वालवालिकाहरूलाई पुर्ण रूपमा खेलहरूमा आधारित भई अध्यापन गराउनु पर्दछ भन्ने निर्देशिकाले उल्लेख गरिएको भए तापनि अध्ययनमा परेका सवै वा.वि.के. हरूमा उपयुक्त किसिमको खेल मैदानको व्यवस्था गरिएको देखिदैन । भएका साना खेल मैदान पनि असुरक्षित, घेरावार नगरिएको, ढुङ्गाहरू भएको, मैदानमा खाल्डा खुल्डि भएको, पानी जमेको र समतल नभएको देखिन्छ ।

**(घ) पिउने पानी**

वा.वि.के. हरुमा वालवालिकाह?को लागि पिउने पानीको अभाव खासै देखिदैनन । अध्ययनमा परेको ४ वटा वा.वि.के. हरुमा विद्यालय कम्पाउण्ड भित्र पानी पिउनको लागि ट्युवेल व्यवस्था गरिएको तर भएका ट्युवेलहरु पनि साना वालवालिकाहरुको लागी मात्र नभएर विद्यालयको ठूला विद्याथीहरूको लागी पनि व्यवस्था गरिएको देखिन्छ । यसरी ठूला विद्याथीह?को लागि निर्माण गरिएका ट्युवेलवाट पानी पिउन साना वालवालिकाहरूलाई अप्ठयारो पर्दछन । ट्युवेल भएपनि शुद्ध पानी भएको देखिदैनन । ट्युवेलको वरीपरी पानी जमेको, फोहोर भएको देखिन्छ ।

**(ङ) शौचालय**

नमुना छनौटमा परेका ४ वटै वा.वि.के. हरूमा समान्य शौचाल्यको व्यवस्था भएपनि साना साना वालवालिकाह?को लागी उमेर र शारिरीक अवस्था अनुसार भएको देखिदैन । वेला वेलामा सर सफाई नगरेको कारण शौचालय जादै दुषित भएको प्रत्यक्ष अवलोकनवाट देख्न सकिन्छ । जसले गर्दा शौचालयको प्रयोग गर्न सहज देखिदैन । शौचालय नजदिक पानीको व्यवस्था भएको देखिन्दैन । वालवालिकाहरुको अनुपातमा शौचालय नपुग देखिन्छ । जसले गर्दा स्वास्थ्य र सरसफाई सम्वन्धी अवधारणाको विकास गराउन र सही उपयुक्त तरिकाले

शौचालयको प्रयोग गर्न वानीको विकास गराउन कठिन भएको वुझिन्छन । शौचालयमा लगाएको ढोकाको चुकूल  वालवालिकाहरुले खोल्न नसकिने किसिमको देखिन्छ । शौचालयमा छुटै भाडोको व्यवस्था नभएको तथा वालवालिकाको लागि छुटै शौचालय नभएको देखिन्छ ।

### ४.३.२ शैक्षिक सामग्री सम्वन्धी समस्या

शैक्षि सामग्रीको अभावमा प्रयोग , प्रदर्शन तथा उपयुक्त ज्ञान सिप दिन सकिदैन । अझ भन्नु पर्दा शैक्षिक सामग्रीको व्यवस्था राम्रो भएन भन्ने पाठ्यक्रमले राखेका उदेश्य  अनुरूप शिक्षण सिकाइ पुरा हुदैनन । तसर्थ वा.वि.के. मा पर्याप्त शैक्षिक सामग्रीको आवश्यकता पर्दछ । अध्ययन गरिएका वा.वि.के. हरुमा प्रयाप्त शैक्षिक सामग्रीको अभावले गर्दा सहज तरिकाले अध्यापन गराउन कठिनाइ भएको कुरा १ जना सहयोगी कार्यकर्ता वताउछन । अध्ययन गरेका वा.वि.के. हरुमा चित्र, तस्विर, गुडिया, पाठ्यक्रम, निर्देशिका, वाल पुस्तिका, कथा, कविता, रङ्गिन कागज , पेन्सिल, आदि रहे ता पनि पाठ्यक्रमले उल्लेख गरे वमोजिम शैक्षिक सामग्री नभएको देखिन्छन । भएका शैक्षिक सामग्री पुरानो र टुटे फुटेका , च्यातिएका, विग्रिएका देखिन्छन । पाठ्यक्रम सम्वन्धी शैक्षिक सामग्री छैनन र भएको शैक्षिक सामग्रीको प्रयोग कम मात्रामा भएको देखिन्छन ।

### ४.३.३ व्यवस्थापकीय समस्या

वा.वि.के. हरू विद्यालयम संचालन भएकोले विद्यालयको व्यवस्थापन समिति नै वा.वि.के. को व्यवस्थापन समिति रहेको देखिन्छन् । विद्यालय व्यवस्थापन समितिलाई कुनै पनि संघ संस्था तथा सम्वन्धीत निकायले वा.वि.के. सम्वन्धी तालिम नदिएको देखिन्छन । वा.वि.के. निर्देशिकाले वा.वि.के. संचलानमा अधिकत्तम स्रोत साधनको प्रयोग वा खोजी गर्नुपर्ने उल्लेख गर्नु परे तापनि केन्द्रलाई व्यवस्थितरुपमा संचालन गर्नका लागि स्थानिय स्रोत साधनको

परिचालन, मानवीय स्रोतको परिचालन , केन्द्रको भौतिक अवस्था , खेल तथा शैक्षिक सामग्रीको आपूर्ती, आर्थिक स्रोतको क्षेत्रको पहिचान गर्ने र आर्थिक स्रोत जुटाउने  तथा खोजी गर्ने व्यवस्थापकिय ज्ञानको कमी र भएको ज्ञानलाई प्रयोग गर्ने क्षमताको अभावको कारणले केन्द्रको व्यवस्थापकिय पक्ष कमजोर भएको देखिन्छ । साथै सरकारी गैर सरकारी संघ संस्था, व्यवस्थापन समिति, अभिभावक र स्थानीय वुद्धिजीवी वीच एक आपसमा समन्वयको अभाव देखिन्छ । भएको समन्वय , समझदारी र सर सल्लाहको कार्यन्वयन हुन नसकेको तथ्य व्यवस्थापन समितिले स्विकार गर्दछ । समितिको वैठक वस्ने कुनै निश्चित समय तोकिएको देखिदैन । समितिले केन्द्रको विकास गर्न खासै चासो र पहल गरेको देखिदैन ।

### ४.३.४ अनुगमन , निरीक्षण र मूल्याङ्कन सम्वन्धि समस्या

वा.वि.के.को शिक्षण सिकाई प्रक्रिया कस्तो छन ? वा.वि.के. शैक्षिक वातावरण कस्तो छन ? वालवालिका नियमित आउने गर्छ कि गर्दैन ? वा.वि.के. को भौतिक अवस्था र शैक्षिक सामग्रीको कस्तो छन ? भएको शैक्षिक सामग्रीको प्रयोग कस्तो छन ? अध्ययन गर्दा के कस्तो समस्याहरू आइपरेका छन ? सहयोगी कार्यकर्ता नियमित उपस्थित हुन्छ कि हुदैन ? आदि विभिन्न पक्षहरूमा सरोकारवालाहरू प्र.अ., विद्यालय व्यवस्थापन समिति, अभिभावकहरू नियतमित अनुगमन निरीक्षण गर्छ कि गर्दैन ? नमुना छनोटमा परेका ४ वटा विद्यालयका सम्वन्धित पक्षसंग प्रशन गर्दा २ जना प्र.अ. ले मासिक रुपमा, १ जना प्र.अ.ले सप्ताहिक रुपमा , १ जना प्र.अ. ले कहिले काही निरीक्षण र मूल्याङ्कन गरेको वताए , विद्यालय व्यवस्थापन समिति अध्यक्षहरु मध्ये २ जनाले कहिले काही, १ जनाले जानकारी नभएको र १ जनाले मासिक निरीक्षण र अनुगमन गरेको वताए । स्रोत व्यक्तिले नियमित अनुगमन र निरीक्षण गर्नु पर्ने तर धेरै कामको व्यस्थाले गर्न नसकेको कुरा वताए । यसरी हेर्दा सम्वन्धी सरोकारवालाहरूवाट नियमित अनुगमन र मूल्याङ्कन गर्नु पर्ने पक्ष कमजोर रहेको वुझिन्छन ।

### ४.३.५ स्थानीय स्रोत साधनको परिचालन र अन्य समस्याहरू

वा.वि.के.ले अधिकतम स्थानिय स्तरमा उपलव्द रहेका स्रोत साधनहरूको उपयोग गरि वा.वि.के. को भौतिक र आर्थिक पक्ष सुधार गर्नु पर्ने कुरा वा.वि.के. निर्देशिकाले उल्लेख गरेका छन । वा.वि.के. मा देखिएका स-साना समस्याहरु पनि सामाधान गर्न माथिल्लो तहको मुख ताकेर वस्नु पर्ने अवस्था देखिन्छ ।

समस्या सामाधान गर्न स्थानिय स्रोत साधनको प्रयोग कम मात्रामा भएको पाइयो । वालवालिकाको लागि खाजाको व्यवस्था , स्वास्थ्य परीक्षण , शैक्षिक सामग्रीको व्यवस्था , भौतिक व्यवस्था  आदि जुटाउन सकिदैन । आर्थिक अवस्था कमजोर भएका गरिव, असहाय, पिछडिएका वालवालिकाहरु केन्द्रमा आउने गरेकोले खाजाको व्यवस्था गर्नु पर्नेको कुरा सहयोगी कार्यकर्ता वताउछन । स्थानिय अभिभावकहरूले समेत स्थानीय स्तरमा उपलब्ध हुन सक्ने शैक्षिक सामग्रीहरु प्रति ध्यान नदिएको देखिन्छन ।

स्वतन्त्रा वालवालिकाको मौलिक अधिकार भएको र उनीहरूको इच्छा अनुसार स्वतन्त्रता पूर्वक विकास गर्ने मौका दिएमा उनीहरूको अन्तर निहित गुणहरू आफ्नै ढङ्गले प्रदर्शन गर्दछन । त्यसकारण वालवालिकाको अन्तरनिहित गुणहरू अवलोकन गरी उपयुक्त वातावरणको सिर्जना गर्नु पर्दछ । यसरी कक्षा कोठा, खेल मैदान, चमेन गृह ,शैक्षिक सामग्री , शौचालय , शुद्ध पिउने पानी , स्थानिय , मानविय स्रोत साधन , घेरावाल,  आर्थिक, प्रशासनिक,  शैक्षिक , भौतिक, निरीक्षण र मूल्याङ्कन आदि पक्ष कमोजोर रहेको तथा अभाव हुँदा हुँदै पनि सिधै कक्षा १ मा भर्ना वालवालिकाहरू भन्दा वा.वि.के. वाट भर्नाभएका वालवालिकाहरूको शैक्षिक उपल्वधि वढीरहेको देखियो ।

वा.वि.के. केन्द्रमा १ जना मात्र सहयोगी कार्यकर्ता रहेको र उनी नआएको दिन केन्द्र वन्द रहेकोले वैकल्पिक सहयोगी कार्यकर्ताको व्यवस्था गर्नु पर्ने र दिउँसो खाजा नास्ताको व्यवस्था गर्नु पर्ने अभिभावकहरूको भनाइ छ ।

## ४.४ बालविकास केन्द्रमा देखिएका समस्याहरुको समाधानका उपायहरू

वा.वि.के. मा देखिएका समस्याहरू सामाधान गर्नका लागि सरोकारवालाहरू जस्तै अभिभावक, प्र.अ., स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समिति, सहयोगी कार्यकर्ता आदिको सर सल्लाह, सुझाव, विचार विमर्श लिईएका छन् । वा.वि.के. को शैक्षिक पक्ष, प्रशासनिक पक्ष, आर्थिक पक्ष, निरीक्षण र मूल्याङ्कन पक्ष, तलव भत्ता तथा सुविधा भौतिक, स्रोत साधन, खाने पानीको व्यवस्था आदि वारे अभिभावकहरुले आ-आफ्नो दृष्टिकोण , विचार र सुझाव दिएका छन, जुन निम्न अनुसारको छ ।

### ४.४.१ शैक्षिक वातावरणको निर्माण गर्ने

वा.वि.के.मा ५ वर्ष उमेर नपुगेका साना वालवालिकाहरू आउने हुँदा वालवालिकाको सर्वाङ्गीन विकासलाई मध्यनजर गर्दै केन्द्रमा उपयुक्त शैक्षिक वातावरण सृर्जना गर्नु पर्ने देखिन्छ । यसको लागि समय समयमा सरोकारवालाहरू, विद्यालय व्यवस्थापन समिति, अभिभावक, स्रोत व्यक्ति, सहयोगी कार्यकर्ता, स्थानिय वुद्धिजिवि आदिको संयुक्त वैठक, अन्तरक्रिया र छलफल गरी समस्याका समाधानका उपायहरू पत्ता लगाई कार्यन्वयन गर्नु पर्दछन । साथै आ-आफ्नो घरमा समेत वालवालिका माथि ध्यान दिनु पर्ने देखिन्छ ।

### ४.४.२ सहयोगी कार्यकर्ताको परिश्रमिक तथा सुविधामा वृद्धि

सहयोगी कार्यकर्ता केन्द्रमा स्रोत साधनको अभाव र विभिन्न अप्ठयारा हुदा हुदै पनि नियमित अध्यापन गर्दै आइरहेकोमा उनीहरूको परिश्रमिक न्यून (मासिक ३,०००) रहेकोले उल्लेखनिय उपलब्धि हासिल हुन सकेको देखिदैन । चुनौतीपुर्ण कामको परिश्रमिक र सुविधामा वृद्धि गरी सहयोगी कार्यकर्ताको मनोवल उच्च राख्न तलव र सुविधामा वृद्धि गर्नु पर्ने अभिभावकहरूको भनाइ छ ।

### ४.४.३ तालिमको व्यवस्था

वा.वि.के. मा सहयोगी कार्यकर्ताहरू मध्ये कसैको योग्यता कक्षा ८ पास , केही १० पास , केही एस.एल.सी. पास र केही एस.एल.सी. भन्दा माथी पास भएकोले उनीहरूको योग्यता र क्षमता अनुसार तालिम दिएमा प्रभावकारिता बढ्ने देखिन्छन । साना साना वालवालिकाहरू कपडा लगाउने नजान्ने , पढ्न नजान्ने , सफा सुग्घर अरूले गरिदिने , शौचालय गर्न नजान्ने , केन्द्रमा ल्याउने र पुऱ्याउने काम जस्ता चुनौतीपुर्ण काम गर्नु पर्ने भएकोले सहयोगी कार्यकर्तालाई तालिम , पुर्नताजगी तालिम र शिक्षा मनोविज्ञानको वारे ज्ञान हुनु जरूरी रहेको कुरा स्रोत व्यक्ति वताउँछन ।

### ४.४.४ अनुगमन तथा मूल्याङ्कन

कुनै पनि कार्यमा प्रभावकारिता ल्याउन वेला वेलामा अनुगमन र मूल्याङ्कन गर्नु पर्दछ । वा.वि.के. को प्रभावकारिता वढाउन तथा कायम राख्न सरोकारवालाहरूले समय समयमा अनुगमन र मूल्याङ्कन गर्नु पर्दछ। वा.वि.के.मा अनुगमन र मूल्याङ्कन प्रणाली कमजोर रहेको देखिन्छन। वेलावेलामा केन्द्रको मूल्याङ्कन र अनुगमन भई राख्नु पर्दछ भनी अभिभावक वताउँछन् ।

### ४.४.५ वाल विकास केन्द्रमा खाजा र नास्ताको प्रवन्ध

वा.वि.के. मा आर्थिक अवस्था कमजोर परिवारका साना साना उमेरका वालवालिकाहरू हुने र चाडै उनीहरूलाई भोक लाग्ने, भोकले रूने, कराउने र शिक्षण सिकाईमा असर पारेकोले केन्द्रमा खाज नास्ताको व्यवस्था गर्नु पर्ने देखिन्छन ।

खाजा नास्ता भएका र खाजा नास्ता नभएका वा.वि.के. को वालवालिकाहरु सिकाइ प्रक्रिया, उपलब्धि, अतिरिक्त क्रियाकलापमा सहभागिता, नियमित उपस्थिति आदिमा ठूलो भिन्नता देखिएकोले खाजा नास्ताको व्यवस्था हुनु पर्ने विद्यालय व्यवस्थापन समिति अध्यक्ष वताउछन ।

### ४.४.६ शैक्षिक सामग्रीको उपलव्धता

राम्रो शिक्षण सिकाई गर्नको लागी शैक्षिक सामग्रीको आवश्यकता पर्दछ । यो सानो उमेर माटोको ठल्लो अर्थात खेलाउने उमेर हो । उनीहरूलाई खेलौना धेरै मन पराउछन । उनीहरु विशेष खेलेर सिक्ने भएकोले खेल्न पाउदा धेरै खुशि हुन्छन । केन्द्रमा शव्द कोष, गित, कथा, क्यालेन्डर देखिए तापनि स्थानिय स्तरमा पाउने शैक्षिक सामग्रीको संकलन र व्यवस्था गर्नु पर्ने देखिन्छ ।

### ४.४.७ भौतिक स्रोत साधनको व्यवस्था

शैक्षिक उपलब्धि उच्च राख्नका लागि भौतिक स्रोत , साधन , सुविधाको महत्वपुर्ण भूमिका रहेका हुन्छन् । कक्षाकोठा, खाने पानी , शौचालय , चमेना गृह , खेल मैदान, खेल कुद सामग्री , घेरावाल आदिले शिक्षण सिकाईमा असर पार्ने भएकोले यसका प्रयाप्ता हुनु जरूरी भएको देखिन्छ । भौतिक स्रोत साधनको अभाव हुदा वालवालिकामा असर पार्ने भएकोले त्यसको राम्रो प्रवन्ध मिलाउनु पर्ने देखिन्छन् ।

### ४.४.८ वैकल्पिक सहयोगी कार्यकर्ताको व्यवस्था

वा.वि.के. मा १ जना मात्र सहयोगी कार्यकर्ता रहेका देखिन्छन् । सहयोगी कार्यकर्ता अस्वस्थ्य हुँदा , विरामी भई केन्द्र नआउदा वा.वि.के. वन्द हुने गरेको र अरू कुनै कर्मचारी स्टाफ नभएकोले केन्द्र वन्द रहने गरेको देखिन्छन । यसरी केन्द्रको  शिक्षण सिकाईलाई निरन्तरता र प्रभावकारी वनाउन १ जना वैकल्पित सहयोगी कार्यकर्ताको नियुक्ति गर्नु पर्ने आवश्यकता देखिन्छन ।

वालवालिकामा रहेको अवगुणहरूलाई हटाई जिवन उपयोगी , समाजसेवी, राष्ट्रिय सेवी , क्रियाकलापहरु मा संलग्न गराई नैसर्गिक व्यक्तित्वको विकास गर्नु पर्ने शिक्षाको मुल उदेश्य हो । वालवालिकाहरुको सर्वाङ्गिन विकास गराउन कुनै निश्चित पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरेका छैनन ।

विभिन्न खेलको माध्यमवाट सिकाई गर्नु पर्ने देखिन्छन । खेल खेलाएर शिक्षण सिकाई गर्नु पर्ने र कक्षा १ को पूर्वाधार तैयार गर्नु पर्ने किसिमले उनीहरुको इच्छा अनुसार वाल केन्द्रित विधी अपनाएर अध्यापन गराउनु पर्ने देखिन्छन ।

वा.वि.के. मा देखिएका समस्याहरू समाधान गर्न सवै सरोकारवालाहरूलाई समय समयमा आमन्त्रित गरि अन्तक्रिया र छलफल गर्नु पर्दछ । यसका लागि सवैले आ-आफ्नो ठाउँवाट सक्दो सहयोग , उत्तर दायित्व, जिम्मेवारी र कर्तव्यको पालना गर्नु पर्दछ । सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता वढाउनु पर्ने , तालिमको व्यवस्था गर्नु पर्ने र शिक्षा मनोविज्ञानको ज्ञान हुनु पर्दछ । अनुगमन र मूल्याङ्कन प्रणालीलाई निरन्तरता दिदै केन्द्रमा भौतिक सुविधा र शैक्षिक समाग्रीको उपलव्धता वढाउनु पर्दछ । साथै सहयोगी कार्यकर्ताको तलव र सुविधामा थप वृद्धि गर्नु पर्ने र थप १ जना वैकल्पिक कार्यकर्ताको व्यस्था गर्नु पर्दछ ।

वा.वि.के. को सरोकारवालाहरुको तालिम वा गोष्ठीको व्यस्था हुनु पर्दछ साथै प्रत्येक अभिभावकले आ-आफ्नो घरमा वालवालिकाहरूको लागि शैक्षिक वातावरणको व्यवस्था गरी ध्यान दिनुपर्ने देखिन्छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

आजका वालवालिकाहरू भोलीको देशको कर्णधार हुन । वालवालिका भोलीको भविष्य र अभिभावको सहारा हुन । अभिभावक र शिक्षकले जस्तो मार्ग निर्देशन गर्छ उनीहरु त्यस्तै वन्छन । वालावालिकाहरू हकहित र अधिकारको संरक्षण एवं सम्बर्धन गर्ने तथा सामाजिक वातावरण संग सामञ्जस्ता कायम गर्दै दीर्घ कालिन रूपमा वाँच्नका लागि समाजिक रूपमा घुलमिल गर्न सजिलो होस, भन्ने उदेश्यले वालवालिकाको समाजिक, वौद्धिक , शारीरिक , मांससिक र संवेगात्मक पक्षहरूको विकासका आधारहरू निर्माण गर्नका लागि वर्तमान अवस्थामा नेपालको अधिराज्य भरी ७५ वटै जिल्लाहरूमा वालविकास कार्यक्रमहरू विभिन्न नामले संचालन रहेको छन । वालविकास केन्द्र प्रति अभिभावकहरूको दृष्टिकोण अध्ययन गर्दा प्राप्त सूचना , तथ्याङ्क र अभिलेख आधारमा निम्नलिखत निष्कर्ष निकालिएका छन ।

वालविकास केन्द्रमा वालवालिकाहरूको विकासको लागि प्रभाव पार्ने साकारात्मक वातावरणको सृजना  वालविकास केन्द्रले गरेका छन । सिधै कक्षा १ मा भर्ना वालवालिकाहरू भन्दा वालविकास केन्द्रवाट कक्षा १ मा भर्ना भएका वालवालिकाहरुको औसत उपलब्धि वढी रहेको , राम्रो सर सफाई  , कक्षा छाड्ने दरमा कमी, सिकाई उपलब्धिमा वृद्धि र विषयवस्तुमा राम्रो भएको देखियो । अतिरिक्त क्रियाकलापमा सक्रिय रूपले भाग लिने क्षमतको विकास भएको देखियो । संख्यात्मकरूपमा वालविकास केन्द्रको अभाव र अभिभावकहरूको लापरवाहीले गर्दा सम्पुर्ण वालवालिका वाल विकास केन्द्रमा जान नसकेको अवस्था देखियो । खास गरी , जनजाती, दलित, गरिब र असहाय वर्गका वालवालिकाहरू अझपनि वालविकास केन्द्र सम्म पहुँच पुगेको देखिन्दैन । घरमा आमाले स्याहार सुसहार गरे जस्तै वालविकास केन्द्रमा महिला  नै सहयोगी कार्यकर्ता भएकोले

उनीहरूलाई खेलाउन , सफा सुग्घर गर्न, हेरचार गर्न आमाको जस्तै जिम्मेवारी निर्वाह गरेको साकारात्मक अवस्था देखियो । वालविकास केन्द्रमा विभिन्न समस्याहरू हुँदा हुदै पनि तुलनात्मक रूपमा राम्रो गरिरहेको पाइयो । केन्द्र अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया नभएको पाईयो ।

वालविकास केन्द्रमा वालवालिकालाई खेलको माध्यमवाट खेलेर सिक्नु र गरेर सिक्नु अवधारणा हुदा हुदै पनि खेल सामग्री र शैक्षिक सामग्री, स्रोत साधनको अभाव , सहयोगी कार्यकर्ताको तालिम र वालमनोविज्ञान ज्ञानको अभाव आदिले गर्दा सोचे अनुसारको केन्द्रलाई सवल र व्यवस्थित वनाउन नसकिएको देखिन्छन । साथै स्थानिय वुद्धिजिवी , अभिभावक, संघ संस्था आदि लगानी गर्न नसकेको तथा सरकारवाट प्राप्त लगानी नगर्दा औसत रूपमा प्रगति र परिवर्तन भएको देखिए तापनि उल्लेखनिय परिवर्तन हुन सकेको देखिदैन ।

वालविकास केन्द्रको स्थलगत निरीक्षण र अनुगमन गर्दा भौतिक स्रोत साधनको उपयुक्त विकास नभएको, वस्ने र सुरक्षित कक्षा कोठाको अभाव , शुद्ध खाने पानी , फराकिलो, सफा र उपयुक्त कक्षा कोठाको अभाव , अतिरिक्त क्रियाकलाप संचालनमा समस्या , उपयुक्त शौचालय नभएको , समतल र घेरावाल नभएको खेल मैदानको अभाव , चमेनगृह आदि विभिन्न अभावले गर्दा जे अपेक्षा राखेका थिए , सो पुरा हुन नसकेको देखिन्छ । तर औसत रूपमा राम्रो र सकारात्मक नै रहेको पाईयो ।

वालविकास केन्द्रवाट आएका र सिधै कक्षा १ मा भर्ना भएका वालवालिकाहरूको तुलनात्मक रूपमा अध्ययन गर्दा वालविकास केन्द्रवाट आएका वालवालिका कम कक्षा छाड्ने गरेको , टिकाउ दरमा वृद्धि , अतिरिक्त क्रियाकलापमा सक्रिय रूपले भाग लिएको , गृह कार्य गर्ने , शौचालय प्रयोग गर्ने गरेको , सर सफाईम ध्यान दिने र पढाई प्रति संवेदनशिल भएको पाईयो । यसलाई समय समयमा अनुगमन र मूल्याङ्कन गर्न सक्यो भने अझ बढी प्रभावकारी हुनेछ । यो वालविकास केन्द्र ग्रामिण क्षेत्र र गरिब, असहाय,

पिछडिएका वर्ग, दलित , जनजाती, क्षेत्रका लागि अनिवार्य आवश्यकता रहेको साकारात्मक अभिभावकहरूको देखिन्छन ।

## ५.२ सुझावहरू

वालविकास केन्द्रमा विभिन्न खालका समस्याहरू हुदा हुदै पनि केही न केही रूपमा उपलब्धि हासिल गरेकै छ । यसलाई अझ प्रगतिशिल र प्रभावकारी वनाउनु आजको आवश्यकता रहेको देखिन्छ । खास गरी सहरी क्षेत्रमा धनी र व्यापारिक वर्गले वोर्डिङ्ग स्कूल प्रयोग गरी रहदा गरिब, निष्हाय, दलित, जनजाती र पिछिडिएका वर्गहरूका वालवालिकाहरू वालविकास केन्द्रमा आउने गरेका छन । स्थानिय अभिभावक , विद्यालय व्यवस्थापन समिति , राजनैतिक कार्यकर्ता , वुद्धिजिवि , प्र.अ.र सहयोगी कार्यकर्ता एक आपसमा छलफल गरी , समन्वय गरी यसलाई अझ प्रभावकारी वनाउन सकियो भने भविष्यका कर्णधार भनिएका वालवालिकाहरूको समुन्नत विकास हुने कुरा सवैले स्वीकार गर्नु पर्दछ ।

वालविकास केन्द्र प्रति अभिभाकको दृष्टिकोण सम्वन्धमा गरिएको यो अध्ययन अनुसन्धानवाट निकालिएका निष्कर्ष अनुसार भोलीका दिनहरूमा लिनु पर्ने नितिगत निर्णयहरू , अभ्यास तहमा गर्नु पर्ने कार्यहरू र अनुसन्धान तहका लागि पुग्ने थप सहयोग सम्वन्धमा निम्न सुझावहरू दिन सकिन्छन ।

### ५.२.१ नीतिगत तह

अध्ययन गर्ने क्रममा विभिन्न स्रोत साधनहरूको प्रयोग गरी सरोकारवालाहरु सम्पुर्ण पक्षहरुवाट संकलित तथ्याङ्क, अभिलेख र जानकारीको आधारमा वालविकास केन्द्रमा विभिन्न समस्याहरू रहेको प्रष्ट हुन आउछ । देखिएका समस्याहरूलाई समाधान गर्न क्रमिक रूपमा अनेकौ उपायहरू अवलम्वन गरिनु पर्दछ । जसको फलस्वरूप वाल

विकास केन्द्रमा थप सुधार हुदै एउटा सुन्दर, प्रगतिशिल र प्रभावकारी शैक्षिक संस्थाको रूपमा निर्माण हुने छ ।

वालविकास केन्द्रको संचालन पछिका वर्षहरूमा कक्षाहरूमा देखिएका प्रभाव र साकारात्मक पक्षहरूवारे सरोकारवालाहरूलाई जानकारी गराउनु पर्दछ । साथै प्राप्त भएका शैक्षिक उपलव्धिहरूलाई अभिलेख राख्नु पर्दछ । वालवालिकाहरूको बढ्दो जनसंख्या र सामाजको आवश्यक्ता अनुसार वालविकास केन्द्रको संख्यामा वृद्धि गर्दै जानु पर्दछ । वालविकास केन्द्रप्रति सरकारले ठोस निति , नियम र कार्य योजना निर्माण गरी सरकारी लगानी बढाउदै जानु पर्दछ । वालविकास केन्द्रमा सहयोगी कार्यकर्ताको नियूक्ति प्रक्रियालाई अझ व्यवस्थित , पारदर्शिता र प्रतिस्पार्धात्मक बनाउनुको साथै थप १ जनाको वैक्लपिक सहयोगी कार्यकर्ताको व्यवस्था गर्नुपर्दछ । सहयोगी कार्यकर्ताको तालिम , पुनः ताजगी तालिम व्यवस्था गर्नुको साथै समयानुसार परिश्रमिक र सुविधा बढाउनु पर्दछ । स्रोत व्यक्ति अभिभावक निरीक्षक, प्र.अ. निरन्तर रूपमा अनुगमन तथा मूल्याङ्कन गरी वालविकास केन्द्रमा देखिएका नितिगत, व्यवहारिक र आर्थिक प्रशासनिक समस्याहरूलाई सामाधान गर्न आ-आफ्नो क्षेत्रवाट पहल गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

प्रत्येक विद्यालयमा कम्तीमा एउटा वालविकास केन्द्र हुने गरी आकर्षण र प्रगतिशिल देखिने गरी यसको विकास गर्नु पर्दछ । प्रत्येक विद्यालयमा वालविकास केन्द्र अनिवार्य गर्नुपर्दछ । साथै कक्षा १ मा सिधै भर्ना नहुने गरी वालविकास केन्द्रलाई भर्नाको अनिवार्य वनाउनु पर्दछ ।

### ५.२.२ कार्यान्वयन तह

स्रोत व्यक्ति, प्र.अ., निरीक्षक, अभिभावक, व्यवस्थापन समितिले नियमित अनुगमन निरीक्षण गरी त्यसको प्रतिवेदन सम्वन्धित निकायमा दिनु पर्दछ । प्र.अ. , स्रोत व्यक्ति

र विद्यालय  व्यवस्थापन समितिलाई विशेष जिम्मेवारी र अधिकार प्रदान गरी सक्रिय रूपमा परिचालन गर्नु पर्दछन । वाल विकास केन्द्र संचालन गर्ने जिम्मा सरकारले मात्र नगरी स्थानीय निकाय, संघ संस्थालाई दिनु पर्दछ । वाल विकास केन्द्रको निर्देशिका र निति , ऐन कानून वारे प्र.अ., व्यवस्थापन समिति, अभिभावकलाई गोष्ठी र तालिमको व्यवस्था गर्नु पर्दछ । वाल विकास सम्वन्धी, गोष्ठी, तालिम, सेमिनार, नेतृत्व विकास, व्यवस्थापन , कार्यशाला, अन्तरक्रिया र छलफल  समय समयमा संचालन गर्दै विद्यालयमा आधारित वालविकास गृहको अवधारणालाई अनिवार्य वनाई माथिल्लो कक्षा छाड्ने दरमा कमी ल्यानु पर्दछ ।

### ५.२.३ अनुसन्धान तह

प्रस्तुत अनुसन्धान र अध्ययनको निष्कर्षलाइ सवै ठाउँ , परिवेश र समयमा समान्यीकरण गर्न नमिल्ने भए तापनि सिराहा जिल्लाको अगुवा स्रोत केन्द्रका लागि धेरै नै उपयोगी हुनेछ । यो अध्ययनको समस्या सम्पुर्ण राष्ट्रियकै भए तापनि अध्ययनकर्ताको सिमित स्रोत साधन र समयको कारणले गर्दा सिराहा जिल्लाको अगुवा स्रोत केन्द्र सिराहाका विद्यालयमा आधारित वालविकास केन्द्र र कक्षा १ संग मात्र सिमित गरिएको छ । यो अध्ययन भोली अगामी दिनहरूमा वालविकास केन्द्रको सिक्षण सिकाई प्रभावकारिता , शैक्षिक सामग्रीको प्रयोग , शैक्षिक वातावरण , वाल वालिकाको अवस्था, व्यवस्थापन , वाल विकास केन्द्रमा प्रयोग गरिने शिक्षण विधि र प्रकृया , वाल विकास केन्द्रमा सहयोगी कार्यकर्ताको व्यवस्था, वाल विकास केन्द्र र विद्यालयको तुलनात्मक शैक्षिक अवस्था , वाल विकास केन्द्रको आवश्यकता , वाल विकास केन्द्रको अनुगमन र मूल्याङ्कन प्रकृया , वाल विकास केन्द्रले वाल वालिकामा पारेको प्रभाव जस्ता अनुसन्धानात्मक शीर्षकहरूमा गरिएको अध्ययन गर्ने चाहने सरोकारवाला , प्र.अ., विद्यालय व्यवस्थापन समिति, स्रोत व्यक्ति, विद्यालय निरीक्षक, जिल्ला शिक्षा कार्यालय, सामाजिक संघ संस्था, शिक्षा विद्ध, राजनैतिक कार्यकर्ता , अभिभावक र

अनुसन्धानकर्ता इत्यादि सवैका लागी थप सहयोग पुऱ्याउन यो अध्ययन अनुसन्धान सार्थक रहने छ ।

## सन्दर्भसामग्रीहरू


अगुवा स्रोत केन्द्र ( २०७०) फलास I र फलास II प्रतिवेदन, सिरहा

खनाल , पेशल ( २०६४) *शैक्षिक अनुसन्धान पद्दति* , काठमाण्डौ : सनलाईट पव्लिकेशन ।

गौतम , नवराज ( २०६३ ) *प्रारम्भिक बालशिक्षा कार्यक्रमले सिकाइमा पारेको प्रभाव एक अध्ययन ( अप्रकाशित एम। एड। ) शोध पत्र काठमाण्डौ* , महेन्द्ररत्न क्याम्पस ।

ढकाल, *माधव प्रसाद र कोइराला, मातृका प्रसाद ( २०६८ ) शोधयात्रा,* काठमाण्डौ : साझा प्रकाशन ।

मल्ल , *कोमल वदन एवं अन्य ( २०५४ ) प्रारम्भिक वाल्यावस्था विकास शिक्षण विधि काठमाण्डौ* त्रि.वि.वि. शिक्षा शास्त्र संकाय ।

शर्मा , चिरञ्जीवी र शर्मा निर्मला (२०६५) *प्रारम्भिक वाल्य अवस्था विकासको सिद्धान्त र आधार, काठमाण्डौः* एम.के पव्लिशर्स एन्ड डिस्ट्रीव्युटर्स ।

शर्मा , गोपिनाथ (२०६३) *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू* काठमाण्डौः विद्याथी पुस्तक भण्डार ।

शिक्षा मन्त्रालय ( २०५९( २०६४ ) *दशौं ५ वर्षीय योजना मस्यौदा* काठमाण्डौ : लेखक

शिक्षा मन्त्रालय ( २०६९ ) *शिक्षा ऐन २०२८ ( संशोधन २०६३ ) र शिक्षा नियमावली २०६९ ( तेश्रो संसोधन )* काठमाण्डौः लेखक ।

शिक्षा विभाग ( २०६२ ) *प्रारम्भिक बालविकास दिग्दर्शन ( पाठ्यक्रम ) २०६२ भक्तपुरः* लेखक ।

CERID (2006) *( Journal of early childhood development )* vol H.I. Kathmandu, Author .

श्रेस्ठ, चन्द्रवहादुर र बस्न्याल सम्झना ( २०६२ ) *बाल विकास र सिकाइ, काठमाण्डौः* भुँडिपुराण प्रकाशन ।

अगुवा श्रोत केन्द्र (२०७०) फलायस I र फलायस II प्रतिवेदन सिरहा : लेखक ।

# वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

## अनुसूचीहरू

### अनुसूची-१

वाल विकास अध्ययन पश्चात कक्षा १ का वालवालिकाको अभिभावकको लागी

प्रश्नावली

केन्द्रको नाम र विद्यालयको नामः..............................................................

अभिभावकको नामः.........................................................................

१. तपाईको वालवालिकाले कति समय वालविकास केन्द्रमा अध्ययन गरे ?

२. वालविकास केन्द्रको अध्ययनले वालवालिकाहरूमा कस्तो परिवर्तन आएको पाउनु भएको छ ?

३. तपाईको वालक विद्याथी विद्यालय जान चाहन्छ कि चाहदैन ?

४. वाल विकास केन्द्रमा पठाए पश्चात विद्याथी घरमा अध्ययन गर्छ कि गर्दैन ?

५. वालवालिकाको विद्यालयप्रतिको धारणा साकारात्मक पाउनु भएको छ कि छैन ?

छ भने के के ?

६. तपाईको वालवालिका दैनिक विद्यालय जान इच्छुक छ कि छै ?

७.वालवालिकाहरूमा वालविकास केन्द्रमा अध्ययन गरे पश्चात देखिएका परिवर्तनहरू ?

८. वालविकास केन्द्रमा हाल के कस्ता समस्याहरू देख्नु भएको छ ?

९. वालविकास केन्द्रका लागि तपाईका सल्लाह र सुझावहरू के के छन ?

१०. वर्तमान अवस्थामा वालविकास केन्द्रको आवश्यक्त छ र छैन ?

## वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसूची-२**

## स्रोत व्यक्ति / विद्यालय निरीक्षकको लागि प्रश्नावली

स्रोत व्यक्ति / विद्यालय निरीक्षकको नामः-..........................................................................

स्रोत केन्द्रको नामः-................................................................

१. नेपालमा वालविकास कार्यक्रम कहिले देखी लागु भएको छ ?

२. वालविकास केन्द्र खोल्ने न्यूनतम आधार के के हुन ?

३. तपाईको क्षेत्रमा / स्रोत केन्द्रमा कहिले देखी वालविकास केन्द्र संचालन भएको छ ?

४. तपाईको क्षेत्रमा / स्रोत केन्द्रमा हाल कति वटा वालविकास केन्द्र छन ?

५. हाल यस क्षेत्रमा / स्रोत केन्द्रमा कति वालवालिकाहरू वालविकास केन्द्रमा अध्ययनरत छन ?

६. वालविकास केन्द्रको स्थापना हुनुको मुख्य कारण के के छन ?

७. तपाईको क्षेत्र / स्रोत केन्द्रमा कतिवटा समुदायिकमा आधारित वालविकास केन्द्र / विद्यालयमा आधारित वाल विकास केन्द्रहरू छन ?

८. वालविकास केन्द्र अध्ययन गरेको कारण कक्षाको १ को भर्नामा फरक पारेको छ / छैन ?

९. वालविकास केन्द्रको कारण कक्षा १ को कक्षा छाड्ने दर र कक्षा दोहोराउने दरमा कमी आएको छ / छैन ?

१०. वालविकास केन्द्रको अनुगमन, निरीक्षण र मूल्याङ्कन कति पटक गर्नु भएको छ ?

११. वर्तमान अवस्थामा वाल विकास केन्द्रमा कस्ता कस्ता समस्याहरू देख्नु भएको छ ?

१२. देखिएका समस्याहरूको समाधान गर्न तपाईले के कस्तो पहल र सहयोग गर्नु भएको छ ?

## वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसूची-३**

## कक्षा १ को शिक्षकको लागि तयार पारिएको प्रश्नावली

विद्यालयको नाम: -...............................................................

शिक्षकको नाम:-................................................................

१. वालविकास केन्द्रवाट कति प्रतिशत वालवालिकाहरु कक्षा १ मा भर्ना भएका छन ?

२.वालविकास केन्द्रको अध्ययनले कक्षा १ को भर्नामा वृद्धि भएको छ / छैन ?

३.वालविकास केन्द्रवाट आएका वालवालिकाहरुको दैनिक उपस्थित, मासिक उपस्थिति कति प्रतिशत रहेको छ ?

४.वालविकास केन्द्रको अध्ययनको कारणले शिक्षण सिकाई उपलव्धि दरमा वृद्धि भएको छ / छैन ?

५.वालविकास केन्द्रमा आएका वालवालिकाहरूको कक्षा १ मा निम्न पक्षहरूको अवस्था कस्तो रहेको छ ?

५.वालविकास केन्द्रवाट कक्षा १ मा आएका वालवालिकाहरूको निम्न पक्षहरूको अवस्था कस्तो रहेको छ ?

| क.सं. | विवरण | अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | सामान्य | निम्न |
| क | कक्षाको वातावरणमा समायोजन | | | | |
| ख | सिकाईमा सहजता | | | | |
| ग | दैनिक उपस्थिति | | | | |
| घ | सर सफाई | | | | |
| ङ | अनुशासन | | | | |
| च | पढाईमा रूची | | | | |
| छ | अध्ययनमा लगनशिलता | | | | |
| ज | कक्षा कार्य | | | | |

| क.सं. | विवरण | अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | सामान्य | निम्न |
| झ | गृह कार्य | | | | |
| ञ | अतिरिक्त क्रियाकलापमा सहभागिता | | | | |
| ट | शिक्षकसंगको सम्वन्ध | | | | |
| ठ | साथीसंगको सम्वन्ध | | | | |
| ड | शौचाल प्रयोग | | | | |
| ढ | भाषा शैली | | | | |
| ण | अन्य | | | | |

६. वर्तमान अवस्थामा वालवालिकास केन्द्रमा के कस्ता खालका समस्याहरू देख्नु भएको छ ?

७.वालविकास केन्द्रलाई अझ प्रभावकारी वनाउनको लागी तपाईका सुझावहरू र सल्लाहहरू के के छन ?

# वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसुची-४**

## वालविकास केन्द्र सञ्चालन भएको विद्यालयका प्रधानाध्यापकको लागि अन्तरवार्ता

विद्यालयको नामः.............................................................

प्रधानाध्यापकको नामः...........................................................

ठेगानाः............................................................

१. तपाईको विद्यालयमा कहिले देखि वालविकास केन्द्र सञ्चालन भएको हो ?

२. हाल वालविकास केन्द्रमा कति विद्यार्थीहरु अध्ययनरत छन ?

३. वालविकास केन्द्रवाट आएका वालवालिकाहरू कति प्रतिशत कक्षामा उपस्थित हुन्छन ?

४. वालविकास केन्द्र स्थापना हुनका कारण के के हुन ?

५. वाल कक्षा सम्वन्धी अनुगमन र निरीक्षण कहिले कहिले गर्नुहुन्छ ?

६. वालविकास केन्द्रवाट कति प्रतिशत वालवालिकाहरू कक्षा १ मा भर्ना भएका छन ?

७. वालविकास केन्द्रको अध्ययनको कारणले कक्षा १ को भर्नामा फरक परेको छ / छैन ?

छ भने कति प्रतिशत ?

८.वालविकास केन्द्रको अध्ययनको कारणले कक्षा १ को शैक्षिक उपलव्धिमा फरक परेको छ र/ छैन ?

छ भने के के ?

९.वालविकास केन्द्रमा कक्षा १ मा आएका वालवालिकाहरूलाई कक्षा १ को वातावरणमा सहजता

१०. वर्तमान अवस्थामा वालविकास केन्द्रमा के कस्ता खालका समस्याहरू रहेका छन ?

११. वालविकास केन्द्रमा देखिएका समस्याहरू समाधाना गर्न तपाईले के के गर्नु भएको छ ?

१२. वालविकास केन्द्रलाई प्रभावशाली वनाउन के के गर्नु पर्दछ ?

## वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसूची-५**

## वालविकास केन्द्र/विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तरवार्ता

## निर्देशिका

केन्द्रको नाम / विद्यालयको नामः ............................................

अध्यक्षको नामः............................................

१. तपाईको विद्यालयमा वालविकास केन्द्र कहिले देखी सञ्चालन भयो ?

२. वालविकास केन्द्रको निम्न अनुसारको भौतिक पक्षको अवस्था कस्तो छ ?

| भौतिक पक्ष | सहयोगी संस्था | छ | छैन | अवस्था |
|---|---|---|---|---|
| भवन | | | | |
| फर्निचर | | | | |
| खेलमैदान | | | | |
| शौचालय | | | | |
| खानेपानी | | | | |
| घेरावार | | | | |
| अन्य | | | | |

३.कक्षा सञ्चालन सम्वन्धी अनुगमन र निरीक्षण कहिले कहिले गर्नु हुन्छ ?

४.नियमित निरीक्षण नहुनुको कारण के के हुन ?

५. वालविकास केन्द्रलाई विद्यालयवाट के के सहयोग भएको छ ?

६.वालविकास केन्द्रमा अभिभावकहरूलाई सहभागी गराउनु भएको छ / छैन ?

७ वालविकास केन्द्र सञ्चालन भए पछि कक्षा १ को भर्नाम वृद्धि भएको छ / छैन ?

८.बालविकास केन्द्रको कारण कक्षा १ को शैक्षिक उपलब्धिमा वृद्धि भएको छ / छैन :

९ वर्तमान अवस्थामा बालविकास केन्द्रमा के कस्ता समस्याहरू छन ?

१०.बालविकास केन्द्रमा देखिएका समस्यालाई समाधान गर्न के के पहल गर्नु भएको छ ?

११. बालविकास केन्द्रमा समस्या समाधान गर्न कस कसले के के काम गर्नु पर्दछ ?

| **संस्था वा व्यक्ति** | **कार्यहरू** |
|---|---|
| विद्यालय व्यवस्थापन समिति | |
| सहयोगी कार्यकर्ता | |
| अभिभावक | |
| सङ्घ संस्था | |
| जिल्ला शिक्षा कार्यालय | |
| गा.वि.स. र न.पा. | |
| स्रोत व्यक्ति<br>अन्य | |

## वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसूची-६**

### तालिका २ / विषयगत औसत उपलव्धि विश्लेषण

| क्र.सं. | विषय | पूर्णाङ्क | वा.वि.के.वाट कक्षा १ मा भर्ना भएका बाल बालिकाहरुको विषयगत औषत उपलव्धि | सिधै कक्षा १ मा भर्ना भएका बाल बालिकाहरुको विषयगत औषत उपलव्धि |
|---|---|---|---|---|
| १ | नेपाली सु.वो. | ७० | ४३.३ | ३८.१ |
| २ | नेपाली प.ले. | ३० | १८.५ | १५.३ |
| ३ | अंग्रेजी सु.वो. | ८० | ६६.५ | ४९.६ |
| ४ | अंग्रेजी प.ले. | २० | १६.४ | १२.७ |
| ५ | गणित | १०० | ६४ | ४७.८ |
| ६ | विज्ञान तथा वातावरण | ५० | २८.४ | २३.७ |
| ७ | समाजिक शिक्षा | ५० | ३५.७ | ३२.६ |
| ८ | शारीरिक शिक्षा | ५० | ३४.३ | २२.७ |
| ९ | सिर्जनात्मक शिक्षा | ५० | ४३.२ | २१.२ |
| १० | स्थानिय विषय | १०० | ६८.४ | ५१.३ |

(स्रोत:- विद्यालयको मार्कलेजर २०७० )

## वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसूची-७**

### तालिका ३ / औसत उपस्थिति

| क्र.सं. | महिना | जम्मा दिन | विद्यालय खुलेको दिन | वा.वि.के.वाट कक्षा १ मा भर्ना भएका बालबालिकाहरुको माशिकऔषत उपस्थिति | औषत उपस्थिति % | सिधै कक्षा १ मा भर्ना भएका बालबालिकाहरु को माशिक औषत उपस्थिति | औषत उपस्थिति % |
|---|---|---|---|---|---|---|---|
| १ | वैशाख | ३१ | २२ | १३ | ५९ | ७ | ३१.८ |
| २ | जेष्ठ | ३२ | २५ | २४ | ९६ | १६ | ६४ |
| ३ | असार | ३१ | १९ | १७ | ८९.४ | ९ | ४७.३ |
| ४ | भदौ | ३१ | २५ | २३ | ९२ | १९ | ७६ |
| ५ | असोज | ३० | १२ | ११ | ९१.६ | ८ | ६६.६ |
| ६ | कार्तिक | ३० | १७ | १४ | ८२.३ | १० | ५८.८ |
| ७ | मंसिर | ३० | २३ | २० | ८६.९ | १४ | ६०.८ |
| ८ | पौष | २९ | २३ | १९ | ८२.६ | १७ | ७३.९ |
| ९ | माघ | २९ | २१ | १७ | ८०.९ | १५ | ७१.४ |
| १० | फाल्गुन | ३० | २२ | १९ | ८६.३ | १३ | ५९ |

(स्रोतः- विद्यालय हाजिरी रेकर्ड २०७०)

## वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसूची-८**

### तालिका ४ कक्षा १ मा वा.वि.के वाट भर्ना भएका विद्यार्थीको अनुपात

| क्र.सं. | विद्यालयको नाम | कक्षा १ को जम्मा संख्या | | | वा.वि.के वाट भर्ना भएका वालवालिका को संख्या | | | | सिधै कक्षा १ मा भर्ना भएका वालबालिका संखया | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | विद्यालयको नाम | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | % | छात्रा | छात्र | जम्मा | % |
| १ | नि.मा.वि. सुन्दरपुर | ३५ | द्दछ | ६० | २५ | १३ | ३८ | ६३.३ | १० | १२ | २२ | ३६.३ |
| २ | नि.मा.वि. मखनाहा | ४५ | ३० | ७५ | ३५ | २० | ५५ | ७३.३ | १० | १० | २० | २६.६ |
| ३ | ला.ना प्रा.वि. सिराहा | ३५ | १५ | ५० | ३० | १० | ४० | ८० | ५ | ५ | १० | २० |
| ४ | वि.च.श्रे.मा.वि. वेल्हा | ४५ | ३५ | ८० | ३५ | २५ | ६० | ७५ | १० | १० | २० | २५ |

(स्रोतः- अगुवा स्रोत केन्द्र सिराहा २०७० )

## वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसूची ९**

### तालिका ५ कक्षा १ को कक्षा छाडने दर

| क.सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | कक्षा छाडनेको संख्या | बा.वि.के.वाट कक्षा १ मा भर्ना भएका मध्ये कक्षा छाडनेको | | कक्षा १ मा भर्ना भएका मध्ये कक्षा छाडनेको | |
|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | नि.मा.वि. सुन्दरपुर | ५२ | ५ | २ | ४० | ३ | ६० |
| २ | नि.मा.वि. मखनाहा | ७५ | १० | ३ | ३० | ७ | ७० |
| ३ | ला.ना प्रा.वि. सिराहा | ५० | १५ | ७ | ४६.६ | ८ | ५३.३ |
| ४ | वि.च.श्रे.मा.वि. वेल्हा | ५८ | १० | २ | २० | ८ | ८० |

(स्रोतः- हाजिरी रेकर्ड २०६९ )

## वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसूची-१०**

## अवलोकन फारमहरू

## वालविकास केन्द्रवाट कक्षा १ मा आएका वालवालिकाहरूको लागि

## अवलोकन फारम

विद्यालयको नामः.........................................................................

विद्यार्थीको नामः..........................................................................

विवरण अवस्था

| सि.नं. | विवरण | उच्च | मध्यम | समान्य | निम्न |
|---|---|---|---|---|---|
| १ | उपस्थिति | | | | |
| २ | नियमितता | | | | |
| ३ | सर सफाई | | | | |
| ४ | पढाईमा रूची | | | | |
| ५ | कक्षा कार्य | | | | |
| ६ | गृह कार्य | | | | |
| ७ | अनुशासन | | | | |
| ८ | अतिरिक्त क्रियाकलाप | | | | |
| ९ | शौचालयको प्रयोग | | | | |
| १० | विद्यालयमा समायोजन | | | | |
| ११ | सिकाईमा सहजता | | | | |
| १२ | शिक्षकसंगको सम्वन्ध | | | | |

| सि.नं. | विवरण | उच्च | मध्यम | समान्य | निम्न |
|---|---|---|---|---|---|
| १३ | व्यवहारको अवस्था | | | | |
| १४ | साथीसंगको सम्वन्ध | | | | |
| १५ | विषयगत उत्सुक्ता | | | | |
| १६ | शैक्षिक उपलव्धि | | | | |
| १७ | कक्षा छाड्ने दर | | | | |
| १८ | अन्य | | | | |

**अनुसूची-११**

## अवलोकन फारमहरू

### सिधै कक्षा १ मा आएका वालवालिकाहरूको लागि अवलोकन फारम

विद्यालयको नामः..................................................................

विद्यार्थीको नामः..................................................................

| सि.नं. | विवरण | उच्च | मध्यम | समान्य | निम्न |
|---|---|---|---|---|---|
| १ | उपस्थिति | | | | |
| २ | नियमितता | | | | |
| ३ | सर सफाई | | | | |
| ४ | पढाईमा रूची | | | | |
| ५ | कक्षा कार्य | | | | |
| ६ | गृह कार्य | | | | |
| ७ | अनुशासन | | | | |
| ८ | अतिरिक्त क्रियाकलाप | | | | |
| ९ | शौचालयको प्रयोग | | | | |
| १० | विद्यालयमा समायोजन | | | | |
| ११ | सिकाईमा सहजता | | | | |
| १२ | शिक्षकसंगको सम्वन्ध | | | | |

| सि.नं. | विवरण | उच्च | मध्यम | समान्य | निम्न |
|---|---|---|---|---|---|
| १३ | व्यवहारको अवस्था | | | | |
| १४ | साथीसंगको सम्वन्ध | | | | |
| १५ | विषयगत उत्सुक्ता | | | | |
| १६ | शैक्षिक उपलब्धि | | | | |
| १७ | कक्षा छाड्ने दर | | | | |
| १८ | अन्य | | | | |

## वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसूची-१२**

## वालविकास केन्द्रको अवलोकन फारम

वालविकास केन्द्रको नामः.......................................................

ठेगानाः..............................................................................

| क.सं. | भौतिक विवरण | उच्च | मध्यम | समान्य | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भौतिक पक्ष<br>भवन | | | | | |
| | गुन्द्री, पिपरा, कार्पेट | | | | | |
| | शौचालय | | | | | |
| | खेलमैदान | | | | | |
| | खानेपानी | | | | | |
| | वातावरण | | | | | |
| | सरसफाई | | | | | |
| | खाजाको व्यवस्था | | | | | |
| २ | शैक्षिक पक्ष | | | | | |
| | शिक्षण विधी | | | | | |
| | वालकको हेरचाह | | | | | |
| | खेल विधिको प्रयोग | | | | | |
| | पुरस्कारको व्यवस्था | | | | | |
| | मनोरञ्जन | | | | | |
| | बालगित, वालकथा | | | | | |
| | चित्र, चार्टको प्रयोग | | | | | |
| | कलर, पेन्सिल | | | | | |
| ३ | आर्थिक पक्ष | | | | | |
| | चन्दा | | | | | |
| | अनुदान | | | | | |
| | विद्यालयको आम्दानी | | | | | |
| | शुल्क | | | | | |
| | अन्य | | | | | |

## वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसूचीः-१३**

### बालबिकास केन्द्र आवश्यक्ता सम्वन्धी विश्लेषण तालिका

| बालबिकास केन्द्रको आवश्यकता | अभिभावक संख्या | प्रतिशत |
|---|---|---|
| छ | ९ | ७५% |
| छैन | ३ | २५% |
| जम्मा | १२ | १००% |

## वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसूचीः- १४**

### शैक्षिक स्तरको तुलनात्मक तालिका

| विवरण | बा.बि.के.वाट कक्षा १ मा भर्ना भएका बालबालिकाहरूको शैक्षिक स्तर प्रतिशतमा | सिधै कक्षा १ मा भर्ना भएका बालबालिकाहरूको शैक्षिक स्तर प्रतिशतमा |
|---|---|---|
| उपस्थिती | ७५% | ५०.३ % |
| सर सफाई | ८५.१% | ४३.४ % |
| पढाईमा ध्यान | ८६.५ % | ३५.४ % |
| कक्षा कार्य | ८७.६ % | ३८.२ % |
| गृह कार्य | ८१.२ % | ३५.५ % |
| अनुशासन | ६३ % | ३२.२ % |
| अतिरिक्त क्रियाकलाप | ८८ % | ३६ % |
| शौचालय प्रयोग | ९४.१% | २६.५ % |
| विद्यालयमा समायोजन | ९२.५% | २८.२ % |
| शिक्षक सम्वन्धी | ९०% | ३२ % |
| साथीसंग सम्वन्धी | ८५.२% | ४५.४ % |
| कक्षा छाड्ने दर | ३३.४ % | ९०.३% |

(स्रोतः- विद्यालयको रेकर्ड)

## वाल विकास केन्द्रप्रति अभिभावकहरूको दृष्टिकोण

**अनुसूचीः-१५**

**बालबिकास केन्द्र संचालनको ३ बर्ष अगाडि र ३ वर्ष पछ्याडिको कक्षा १ को विद्याथी अवस्था तालिका**

| साल | श्री.नि.मा.वि.सुन्दरपुर | श्री.नि.मा.वि. मखनाहा | श्री. ला.ना. प्रा.वि.सिराहा | श्री.वि.च.श्रे.मा.वि वेल्हा |
|---|---|---|---|---|
| २०६३ | २० | २० | २० | २० |
| २०६४ | २५ | २८ | २० | ३० |
| २०६५ | ३० | ३० | ३२ | ३५ |
| २०६६ | ४५ | ४० | ३० | ४० |
| २०६७ | ४८ | ५० | ३५ | ५० |
| २०६८ | २० | ६५ | ४० | ५८ |

(स्रोतः- अगुवा स्रोत केन्द्र सिराहा )